पूर्वेली जनसञ्चार सहकारी संस्था लि. विराटनगरद्वारा प्रकाशित
www.hamromat.com www.facebook.com/hamromat2/www.facebook.com/hamromat1/

श्री गणपति ज्वेलरी
SHREE GANAPATI JEWELERY Biratnagar-4 ESTD :2068
फोन नं. : ०२१-४६२५६५ ०२१-४६०६१९
विराटनगर-४, कञ्चनबारी ✱सुन ✱चाँदी ✱रत्न
हिजोको सुन चाँदीको दरभाउ प्रति तोला ११.६६४=१ तोला
छापवाला सुन रू. १३८,९००।००
तेजावी सुन रू. १३८,४००।००
चाँदी रू. १,७६०।००
यहाँ अर्डर बमोजिम सुन, चाँदीका गरगहना बनाउनुका साथै तयारी गरगहना पनि बिक्री गरिन्छ ।
श्री गणपति मनि ट्रान्सफर | हामीकहाँ सम्पूर्ण रेमिटान्सको सेवा पनि छ ।

# हाम्रोमत

राष्ट्रिय दैनिक

वर्ष २१, अंक : २५ | २०८१ जेठ ३ गते बिहीबार | 2024 May 16 Thursday | Hamromat National Daily | मूल्य रू. ५

# मालपोत बुझाउन भारतको अटेरी

## अझै दिएन बालीको क्षति र मुआब्जा

◆ जितेन्द्र ठाकुर

*विराटनगर, २ जेठ*

बहुचर्चित नेपाल भारत कोशी सम्झौता अनुसार सप्तकोशी नदीबाट पश्चिमी नहर निर्माणको लागि स्थाई रुपमा अधिग्रहणको गरेको जग्गाको मालपोत (राजश्व ) बुझाउन भारत सरकारले अटेरी गरेको छ।

वर्षेनी बुझाउनु पर्ने मालपोत विगत १२ वर्ष देखि विहारसरकार अन्तर्गत रहेका विरपुर स्थित जलशंसाधन विभागको बाढी नियन्त्रण एवं जल कार्यालयले बुझाउन अटेरी गरेको हो ।

आठ स्थानीय तहको ५९९ बिघा ८ कठ्ठा १५ धूरको मालपोत विगत १२ वर्षदेखि बुझाएको छैन ।

वि.सं. २०६८ देखि २०७८ सम्मको मालपोत बुझाउन विराटनगरस्थित सम्पर्क सह-भूआर्जन कार्यालय कोशी योजना विराटनगरले ६ महिना पहिले नै पत्राचार गरेको जनाएको छ। भू-आर्जन कार्यालय कोशी योजना विराटनगरका अमिन सीताराम साहका अनुसार आठ स्थानीय तहका २७ वटा मौजाको मालपोत बुझाउन स्थानीयतहले निर्धारण गरे अनुसार नै सिफारिस गरेको जानकारी दिए।

भ-आर्जन कार्यालय कोशी योजना विराटनगरका अनुसार सप्तरीको हनुमाननगर कंकालनी नगरपालिकाको मधवापुर, जोगिनिया र भारदह सहित ३ मौजा ८१ बिघा ४ कठ्ठा १५ धुरको १ लाख ७० हजार ५०८ रुपैयाँ, महदेवा गाउँपालिकाको बथनाहा ,भगवतपुर , महादेव सहित ३ मौजाको ५३ बिघा १५ कठ्ठा १५ धुर को ९४ हजार ८७५ रुपैयाँ, तिलाठी कोइराठी गाउँपालिकाको बथनगामा कट्टी मौजाको ४८ बिघा २ कठ्ठा ५ धुरको ८९ हजार ८६७ रुपैयाँ, राजविराज नगरपालिकाको हौरी भरुवा, मुसहरनीय, फरसैठ, विसहरीया सहित ४ मौजाका ८६ बिघा ८ कठ्ठा १७ धुरको एक लाख ६१९ रुपैयाँ, बिसनपुर गाउँपालिकाको इटहरी, बिषनपुर, कोचाबखारी, सिमरहा, सिंगयौन, मझाउसहित ६ मौजाका ८९ बिघा ९ कठ्ठा ९ धुरको १ लाख ८८ हजार ४८६ रुपैयाँ, राजगढ गाउँपालिकाको बरही नर्घोसहित दुई मौजाको ६२ बिघा १४ कठ्ठा १८ धुरको १ लाख ४२ हजार ४३९ रुपैयाँ, छिन्नमस्ता गाउँपालिका बरही, विरपुर २ मौजासहित २३ बिघा ५ कठ्ठा एक धुरको ७४ हजार ४०८ रुपैयाँ र डाक्नेश्वरी नगरपालिकाको गमरीय ,प्रसाह, ओरही,



पातो, भुतही, तरहीसहित ६ मौजाको १५४ बिघा ७ कठ्ठा १५ धुरको ४ लाख ९५ हजार ४३७ रुपैयाँ मालपोत तिर्न विरपुरस्थित जलशंसाधन विभागको बाढी नियन्त्रण एवं जल कार्यालयले अटेरी गरेको हो ।

कोशी सम्झौता अनुसार नेपालका कोशी परियोजनाको कामको सम्पूर्ण लेखाजोखा राख्न स्थापना भएको विराटनगर स्थित सम्पर्क सह-भूआर्जन कार्यालय सम्झौता विपरीत वाईपास गरेर काम गर्दै आएको विरपुर स्थित कार्यालयले अटेर गर्दा नेपालले लाखौं राजश्व नपाइरहेको हो । यसअघि कोशीको कटानमा परेको जग्गाहरुको बाली क्षति तथा मुआब्जा माग गर्दै पीडितहरुले पटक पटक आन्दोलन गरे पनि हालसम्म मुआब्जा पाउन सकेका छैनन् ।

कोशी ब्यारेज निर्माणको क्रममा कटान तथा डुबानमा परेको जग्गाको बालीमा भएको क्षति तथा मुआब्जा दिने सम्झौता अनुसार मुआब्जाको माग गर्दै पिडितहरुले संगठित भएर लामो समयदेखि आन्दोलन गर्दै आएका छन् ।

भारत सरकारकै आग्रहमा ०६९ भदौं २४ गते सप्तकोशी नदीले कटान गरेको जग्गाको क्षतिपूर्ति दिन नेपाल र भारतीय अधिकारीहरुले संयुक्त रुपमा भारतीय पक्षलाई सिफारिस गरेको थियो । तर, हालसम्म पनि पीडितले क्षतिपूर्ति पाउन सकेका छैनन् । सप्तकोशी नदीले सप्तरी, सुनसरी र उदयपुर जिल्लामा विभिन्न समयमा कटान गरी क्षति पुऱ्याएका मध्ये ०१८ सालदेखि ०२८ सालसम्म कटान गरेको सात हजार ६ सय ६३ बिघा ८ कठा २ धुर जग्गाको क्षतिपूर्ति सिफारिस भएको थियो ।

बहुचर्चित कोशी सम्झौता अनुसार नदीले कटान गर्ने जग्गाको क्षतिपूर्ति भारत सरकारले दिनु पर्ने हुन्छ। ०१७ सालसम्म कोशीले तीनै जिल्लामा कटान गरेको जग्गाको क्षतिपूर्ति पाइसकेको र त्यसपछि १० वर्षसम्म गरेको कटानको आवश्यक प्रमाण जुटाएर दुइदेशीय अधिकारीहरुको बैठकले सन् २०१२ मै निर्णय गरी क्षतिपूर्ति दिन सिफारिस गरेपनि अझैसम्म पनि क्षतिपूर्ति पाउन सकेका छैनन् ।

०१८ सालदेखि ०२१ सालसम्म सप्तरी र उदयपुरमा कटान गरेको १ हजार ४ सय ८८ बिघा १४ कठ्ठा १० धुर र ०२२ सालदेखि ०२८ सालसम्म दुबै जिल्लामा कटान गरेको ६ हजार १७४ बिघा १४ कठ्ठा ११ धुर जग्गाको क्षतिपूर्ति पीडितले पाउन बाँकी छ। 'सन् २०१२ मा भएको दुइदेशका अधिकारीहरुको संयुक्त बैठकले ०१८ सालदेखि ०२८ सालसम्मका पीडितहरुलाई क्षतिपूर्तिका लागि सिफारिस गरेका थिए' । अधिकारीहरुको सिफारिसमा ५० करोड ५० लाख रुपैयाँ उपलब्ध गराउन सिफारिस गरिएको बताइएको छ।

वि.सं. २०२८ सालपछि पनि सप्तरी र उदयपुरका गरी ८५ वटा मौजाको जग्गाको कटानको प्रमाणीकरण हुन नसकेको बताइएको छ। ती ८५ मौजाको जग्गा कटान बाहेक पछिल्लो चरणमा पनि कोशीले पुऱ्याएको क्षतिबारे भारतसित भएको सम्झौता अनुसार क्षतिपूर्ति माग्न सकिएको छैन । सम्झौतामा १९९ वर्षसम्म कोशी नदी तथा कोशीमा मिसिने सहायक नदीहरुको बाढी नियन्त्रण र आसपासको बसोबासको सुरक्षासमेत भारतीय पक्षले गर्ने व्यवस्था गरिएको छ।

मन्त्रिपरिषद विस्तारको तयारी :

# एमालेलाई पाँच माओवादीलाई तीन मन्त्रालय !

## यसअघिकै मन्त्रीहरू दोहोरिने सम्भावना, नेताहरू छलफलमा

◆ हाम्रोमत संवाददाता

*विराटनगर, २ जेठ*

कोशी प्रदेशका नवनियुक्त मुख्यमन्त्री हिक्मतकुमार कार्कीले बिहीबार (आज) मन्त्रीमण्डल विस्तार गर्ने भएका छन् । गत वैशाख २७ गते मुख्यमन्त्रीमा नियुक्त मुख्यमन्त्री कार्कीले सोही दिन एमालेबाट रामबहादुर मगर र माओवादीबाट गणेश उप्रेतीलाई मन्त्री नियुक्त गरेका थिए। तर, उनीहरुले अहिलेसम्म विभागीय जिम्मेवारी पाएका छैनन् ।

मन्त्रिमण्डलमा गठबन्धनका दुई दलबीच भागबण्डा टुंगिसकेको स्रोतले जनाएको छ। यद्यपि आर्थिक मामिला तथा योजना मन्त्रालयमा दुई दलकै दाबी रहेकाले निष्कर्ष निस्किसकेको छैन। मुख्यमन्त्री कार्कीले माओवादी प्रदेशका इन्चार्ज हरिबोल गजुरेल र दलका नेता इन्द्रबहादुर आङ्बोसँग छलफल गरेपछि सरकार विस्तारको टुंगो लाग्ने जानकारी दिएका छन् ।

आर्थिक मामिला तथा योजना मन्त्रालय दाबी गरेको माओवादीलाई भौतिक पूर्वाधार मन्त्रालय लिन मुख्यमन्त्रीको

प्रस्ताव रहेको र त्यसैमा सहमति हुने स्रोतको दाबी छ। एमालेले सो मन्त्रालयको जिम्मा रामबहादुर मगरलाई दिने तयारी गरेको छ।

▶ बाँकी ३ पेजमा

कोशी प्रदेशमा प्रि-बजेट छलफल

# 'पालिकाजस्तो पनि चलेन प्रदेश'

## सांसद नै भन्छन्, 'मैले घरजग्गा लाभांश कर तिर्दा ३० हजार घुस खुवाएँ'

◆ हाम्रोमत संवाददाता

*विराटनगर, २ जेठ*

कोशी प्रदेश प्रदेशसभाको अर्थसमितिले प्रि-बजेट छलफल गरिरहेको छ। सुरुमा मुख्यमन्त्री कार्यालयका प्रमुख सचिवसहित सबै मन्त्रालयका सचिवहरुलाई बोलाएर छलफल गरेको अर्थ समितिले मङ्गलबार निजी क्षेत्रका संघ संस्थासँग छलफल गरेको छ।

तर, छलफलमा सहभागी सांसदहरु आफैं भने प्रदेश सरकार पालिका सरकार जस्तो पनि चल्न नसकेको बताउँछन्। केही सांसदहरु भने मालपोतमा आफैंले घुस खुवाएको दृष्टान्त दिंदै यस्तो अवस्थाको अन्त्य हुनुपर्नेमा जोड दिन्छन् ।

कोशी प्रदेशसभा सांसद छविलाल चुँडालले जनताले कर तिर्नका लागि पनि घुस खुवाउनु परेको बताउँदै आफैंले मालपोतमा ३० हजार घुस दिँदा १ लाख ४० हजार छुट पाएको बताए। 'मेरो बुबाले पैत्रिक सम्पत्तिको रुपमा मलाई जग्गा दिनुभयो। मैले जग्गा बेचें। जग्गा बेच्दा लाभांश कर १० प्रतिशत तिर्नुपर्ने रहेछ। एकातिर के का लागि तिर्ने मैले राज्यको के लगानी छ त्यसमा भनेर बुबाले प्रश्न गरिरहनु भएको थियो। त्यही बेला मेरो एउटा साथीले आइडिया दियो,' चुँडालले भने, 'एक लाख ७० हजार रुपैयाँ राजस्व थियो।

▶ बाँकी ३ पेजमा

# घट्यो पेट्रोलियम पदार्थको मूल्य

विराटनगर, २ जेठ(हाम्रोमत)- नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ ।निगमले पेट्रोलमा प्रति लिटर ७ रुपैयाँ र डिजेल तथा मट्टितेलमा ५ रुपैयाँ घटाएको हो।

इन्डियन आयल कर्पोरेशनबाट आज प्राप्त नयाँ खरिद मूल्य अनुसार पेट्रोलको मूल्यमा प्रति लिटर रु. ६.७५ र डिजेलको मूल्यमा प्रति लिटर रु. ५.०९ ले घटेर आएको छ। निगम सञ्चालक समितिको निर्णय अनुसार बिहीबार बिहानदेखि लागु हुने गरी साबिकको खुद्रा बिक्री मूल्यमा पेट्रोल, डिजेल तथा मट्टितेलको मूल्य घटाइएको छ।

तरबार प्रहार प्रकरण

# पूर्ववडाअध्यक्षसहित नौ जनाविरुद्ध ज्यान मार्ने उद्योगमा मुद्दा

◆ हाम्रोमत संवाददाता

*विराटनगर, २ जेठ*

दुई जना युवालाई तरबार प्रहार गरेको आरोपमा विराटनगर-१४ का पूर्व वडाध्यक्ष ६५ वर्षीय बलदेव यादवसहित नौं जनाविरुद्ध मोरङ जिल्ला अदालतमा डाका र 'ज्यान मार्ने उद्योग'मा मुद्दा दर्ता भएको छ।

वडाअध्यक्ष यादवलाई फरार प्रतिवादी बनाएर नौं जनाविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयले मोरङ अदालतमा बुधबार अभियोग दर्ता गरेको हो।

यो मुद्दामा विराटनगर १४ का ४३ वर्षीय जतुवाका फुलेश्वर यादव पक्राउ परेका छन्। पूर्ववडाध्यक्ष यादवसहित अन्य आठ जनालाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवानाको माग दाबी राखेर अभियोग दर्ता गरेको हो। जसमा विराटनगर १४ जतुवाका

पूर्ववडाध्यक्षसहित, तरबार प्रहार गर्ने अभियोग लागेका व्यक्ति

३२ वर्षे दिपेश यादव, ३१ वर्षीय राजौ भन्ने राजेश यादव, ४६ वर्षीय उपनारयण यादव, ४२ वर्षीय शंकर यादव, ६५ वर्षीय धनपत यादव र ३४ वर्षीय जोगिलाल भन्ने योगीलाल यादव विरुद्ध मुद्दा दायर भएको छ। मुद्दा दर्ता भएकाले बिहीबार थुनछेक बहस हुने मोरङ अदालतमा सूचना अधिकारी ओम सुवेदीले जानकारी दिए।

▶ बाँकी ३ पेजमा

# सन्दीपको निलम्बन फुकुवा

काठमाडौं, २ जेठ (हाम्रोमत)- बलात्कार मुद्दामा सफाइ पाएसँगै क्रिकेटर सन्दीप लामिछानेलाई नेपाल क्रिकेट संघ (क्यान) ले निलम्बन फुकुवा गरेको छ।

बुधबार क्यानले लामिछानेको निलम्बन फुकुवा गरेसँगै उनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्ने बाटो खुला गरेको हो।

यसअघि बुधबार नै उच्च अदालत पाटनले लामिछानेलाई सफाइ दिएको थियो। 'सम्मानित उच्च अदालत पाटनको मिति २०८१ जेठ २ को फैसला बमोजिम नेपाली राष्ट्रिय क्रिकेट टिमका खेलाडी सन्दीप लामिछानेविरुद्ध बलात्कार मुद्दामा निर्दोष रहेको

भनी फैसला आएको हुँदा सन्दीप लामिछानेलाई घरेलु तथा अन्तर राष्ट्रिय सबै प्रकारका क्रिकेट खेल गतिविधिबाट निलम्बन फुकुवा गरिएको जानकारी गराउँदछौं,' क्यानले निर्णयमा भनेको छ।

## प्रेस विज्ञप्ती

मिति २०८१ जेष्ठ २ गते दिलाबर फार्मेसीको विभिन्न सञ्चार माध्यमहरुमा समाचार प्रकाशित भएको प्रति यस फार्मेसीको गम्भीर ध्यानकर्षण भएको छ। दिलावर फार्मेसी कानुनी प्रक्रिया पूरा गरेर विराटनगर-१० न्यूरो हस्पिटल अगाडि सञ्चालन रहेको हो।

हामीले सुरूवातदेखि नै निष्पक्ष, भयरहित र मर्यादित रुपमा बिरामीलाई गुणस्तरीय रुपमा औषधि सर्वसुलभ मूल्यमा औषधि बिक्री वितरण गर्दै आएको सम्पूर्ण ग्राहकवर्गहरुमा अवगत नै रहेको छ।

काम गर्ने क्रममा भूलवश रुपमा फार्मेसीको कर्मचारीहरुबाट कहिँ कतै गल्ती हुन गएमा त्यसप्रति अगामी दिनमा गल्ती नदोहोऱ्याउने प्रतिवद्धता जाहेर गर्दछौं। विभिन्न संचारमाध्यमहरुमा समाचार आएजस्तो सत्यता नरहेकाले भ्रममा नपर्न सम्पूर्ण ग्राहकवर्गहरुमा हार्दिक अनुरोध गर्दछौं।

संचालक : मो. दिलाबर
दिलाबर फार्मेशी, विराटनगर १० मोरङ

हाम्रोमत
सम्पादकीय

## ठगी गर्नेमाथि कडा कार्वाही हुनुपर्छ

स्वास्थ्य उपचार मानिसको लागि सबैभन्दा संवेदनशील विषय हो। जीवन र मरणको निक्यौंल हुने भएकोले स्वास्थ्य उपचारमा मानिसले ठूलो लगानी गर्नुपर्ने अवस्था छ। विमाको प्रभाबकारिता कम भएको नेपालजस्तो मुलुकमा त नेपालीले औषधी उपचारमा ठूलो धनरासी खर्च गर्नुपर्ने बाध्यता छ। त्यसमाथि सरकारी स्वास्थ्य संस्थाको उपचार प्रभाबकारी नहुँदा निजी अस्पताल र क्लिनिकमा विरामी जानुपर्ने बाध्यता छ। तर, त्यहाँ उपचारसँगै ठगी पनि हुने गरेको छ। विराटनगर-१० न्यूरो हस्पिटल अगाडि रहेको दिलाबर फार्मेसी त्यसकै नमुना हो। फार्मेसीले विरामीले खरिद नै नगरेको औषधी प्रेस्कृप्सनमा देखाएर ठगी गर्ने गरेको पाइएको छ। दिलाबर फार्मेसीले एक भाइलको १ हजार ६५० रुपैयाँ पर्ने 'सिस्ट्रा' इन्जेक्सन चिकित्सकले प्रेस्कृप्सनमा नलेखिदिए पनि बिलमा चढाएर ठगी गरेको प्रमाण पाइएको छ।

फार्मेसीले २८ फागुन २०८० मा चिकित्सकले लेखेको प्रेस्कृप्सनमा उल्लेख नभएको २० भाइल सिस्ट्रा इन्जेक्सन नगदी बिलमा इन्ट्री गरेर ३३ हजार २४ रुपैयाँ ठगी गरेको पाइएको छ। फार्मेसीबाट भारत ग्राम हरिपुर ६ का वर्ष ८० का शेख नइम ठगिएका हुन्। उनी २६ फागुनमा सवारी दुर्घटननामा परी न्यूरो अस्पतालमा भर्ना भएका थिए। उनले उपचारमा आवश्यक पर्ने औषधी हस्पिटल अगाडिको दिलाबर फार्मेसीबाट लिने गरेका थिए। हस्पिटलबाट डिस्चार्ज हुँदा उपचार गरेको हस्पिटलको भन्दा फार्मेसीको महंगो बिल आएपछि उनी अचम्ममा परेका थिए। २ लाख ५० हजार बढीको फार्मेसीको बिल आएको थियो। पछि हस्पिटलले दिएको प्रेस्कृप्सन र फार्मेसीले दिएको नगदी बिल भिडाएर हेर्दा महंगो इन्जिक्सन सिस्ट्रा इन्ट्री गरेर रकम असुली गरेको पत्ता लागेको हो।

विरामी ठगी गर्ने फार्मेसीलाई कारवाही हुनुपर्छ। यसअघि पनि परिमाण र औषधीमा बढि मूल्य हालेर विराट नर्सिङ होम (विराटनगर अस्पताल) अगाडिको फार्मेसीले विरामीलाई खुलेआम ठगी गरेको खुलेको थियो। गत जेठमा चिरञ्जीवी फार्मेसीले मोरङको कटहरी गाउँपालिका १ मा घर भएका विकेश सरदारलाई ठगी गरेको थियो। सस्तो र छुट बढी दिने लोभ देखाएर फार्मेसीले ठगी गर्ने गरेको पाइएको छ। दुई घटनाले फार्मेसीले कसरी विरामी ठगी गर्छन भन्ने खुलेको छ। चाँडै पैसा कमाउने धन्दामा लागेका केही फार्मेसीले बिरामीले लाँदै नलगेको औषधी चढाउने, औषधीको परिमाण बढाउने र सर्जिकल सामानमा बढि मूल्य हालेर बिरामीसँग ठगी गर्ने गरेको पाइएको छ। औषधीजन्य वस्तुको अनुगमन गर्ने निकाय औषधी व्यवस्था विभाग र विरामीसँग बढी मूल्य लिएको जानकारी पाए अनुगमन गर्ने जिम्मेवारी पाएको जिल्ला प्रशासन कार्यालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय हो। तर, अनुगमनको जिम्मेवारी पाएको यी नियांमक निकायहरु नै मौन बसिदिदा ठगीधन्दा फस्टाएको छ।

चिकित्सकले सिफारिस नगरेको औषधी राखेर बिक्री गर्नु सरासर ठगी मात्र नभएर गम्भीर अपराध हो। यसे काममा संलग्नलाई कडाभन्दा कडा कार्वाही हुनुपर्छ। कालाबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ अनुसार यस्तो कार्य गर्नेलाई एक वर्षसम्म कैद र १० लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ। यो कानुनी प्रावधान कडाइपूर्वक लागू हुनुपर्छ।

## चार दिनको वृद्धिपछि घट्यो नेप्से

विराटनगर, २ जेठ (हाम्रोमत)- बुधबार नेप्से परिसूचक घटेर बन्द भएको छ। पछिल्ला ४ कारोबार दिनदेखि उकालो लागिरहेको नेप्से परिसूचक यस दिन भने घटेर बन्द भएको हो।

यस दिन नेप्से परिसूचक ९.५४ अंक घटेर २०१७.९७ विन्दुमा झरेको छ। त्यसैगरी, यस दिन सेन्सेटिभ इण्डेक्स २.१७ अंक, फ्लोट इण्डेक्स ०.७५ अंक र सेन्सेटिभ फ्लोट इण्डेक्स ०.७८ अंक घटेको छ।

नेप्सेसँगै यस दिन कारोबार रकम पनि घटेको छ। अघिल्लो कारोबार दिन ४ अर्बभन्दा बढीको शेयर खरिदबिक्री भएको बजारमा यस दिन ३१५ स्टकको ५५ हजार ८६२ पटकको कारोबारमा ३ अर्ब ७० करोड ८४ लाख रुपैयाँबराबरको ८४ लाख ९० हजार कित्ता शेयर खरिदबिक्री भएको छ।

यस दिन दुई स्टकको शेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको छ। यस दिन उपकार लघुवित्त वित्तीय संस्था र युनिक नेपाल लघुवित्तको शेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको हो। त्यस्तै, यस दिन माण्डु हाइड्रोपावरको शेयरमूल्य ६ प्रतिशत बढेको छ भने बुद्धभुमि नेपाल हाइड्रोपावरको शेयरमूल्य साढे ५ प्रतिशतभन्दा बढी बढेको छ। यस दिन गुराँस लघुवित्त वित्तीय संस्थाको शेयर भने नकारात्मक सर्किट लेभलमा कारोबार भएको छ। सो लघुवित्तको शेयरमूल्य यस दिन २३७ रुपयाँ ७० पैसा घटेर २ हजार १३९ रुपैयाँ ३० पैसामा अन्तिम कारोबार भएको छ।

कारोबार रकमका आधारमा यस दिन पिपुल्स पावर शीर्ष स्थानमा रहेको छ। सो कम्पनीको यस दिन ११ करोड ८९ लाख रुपैयाँ बराबरको शेयर खरिदबिक्री भएको छ। त्यस्तै, यस दिन नेपाल फाइनान्सको करिब ११ करोडको शेयर किनबेच भएको छ भने सांग्रिला डेभलपमेन्ट बैंकको करिब ८ करोडको शेयर कारोबार भएको छ।

१३ उपसमूहमध्ये यस दिन ३ उपसमूहको परिसूचक बढेको छ भने १० उपसमूहको परिसूचक घटेको छ। यस दिन उत्पादन तथा प्रशोधन उपसमूहको परिसूचक १.४० प्रतिशत, व्यापार उपसमूहको परिसूचक १.१६ प्रतिशत र म्युचुअल फण्ड उपसमूहको परिसूचक ०.१७ प्रतिशत बढेको छ। यस दिन विकास बैंक उपसमूहको परिसूचक सर्वाधिक ०.९६ प्रतिशत घटेको छ।

# पोषणलाई यसकारण राजनीतिक सवाल बनाइनुपर्छ

– जीवनाथ शर्मा

पन्ध्रौं शताब्दीबाट सुरु भएको युरोपियन देशहरूको समुद्री यात्रा अभियानले अठारौं शताब्दीको मध्यसम्म आइपुग्दा यसमा सहभागी लाखौं सदस्य गुमायो। सुरुमा थकान सुरु हुने, उदासीनता बढ्ने, विस्तारै गिजा सुन्निने, तन्तुहरू टुट्नुका साथै आन्तरिक रक्तस्राव, हड्डी कमजोर हुने, दाँत झर्ने र अन्त्यमा मृत्यु हुने समस्या सामान्य जस्तै हुन थाले। पानीजहाजमा सवार समुद्री यात्राका सदस्यहरू विशेष सुविधाका बावजुद आधा संख्यामा पनि जीवित फर्कन कठिन थियो।

पानीजहाजको समुद्री यात्रा निस्कनु भनेको एक किसिमको युद्धमा निस्कनु जस्तै थियो। जीवित आउने वा यात्रामै इहलीला समाप्त हुने कुनै निश्चित हुँदैनथ्यो। अज्ञात कारणले जीवन अन्त्य हुने भएकाले निराकरणका उपाय थाहा थिएन। बाँच्नु, मर्नु भगवान् भरोसा थियो।

कुनै समस्या आफ्नो ज्ञानको दायराभन्दा बाहिरको कारणबाट सिर्जित छ भने मानिस कुनै अदृश्य शक्तिलाई दोष दिन्छ वा भरोसा गर्छ। यात्रामा ज्यान गुमाउनेका सहयात्री, परिवार र समाजलाई सायद त्यसरी चित्त बुझाउनुको विकल्प थिएन।

तिनताका समुद्री यात्रा केवल गन्तव्यमा पुग्ने बाटो मात्र होइन, नयाँ अन्वेषण, स्रोतहरूमा नियन्त्रण र नयाँ उपनिवेश कायम गर्ने माध्यम पनि थियो। यस्ता यात्रा युरोयिन उपनिवेशवादीहरूको चासो र प्राथमिकता हुने नै भयो। यसका बावजुद पनि ठूलो सत्र्यामा हुने समुद्री यात्रीको मृत्युको कारण पहिचान र निराकरण हुनसकेको थिएन।

सन् १७४७ तिर ब्रिटिश चिकित्सक जेम्स लिन्डले आफ्नो परीक्षणबाट यस्तो समस्या अमिला फलफूलको पर्याप्त उपभोगबाट घटाउन सकिन्छ भनेर दाबी गरे यद्यपि यसको विश्वसनीयता प्रमाणित हुनसकेको थिएन। उनले आफ्नो परीक्षणको वैधता कायम गर्न सकेका थिएनन्।

यसै क्रममा क्याप्टेन जेम्स कुकले नेतृत्व गरेको विभिन्न क्षेत्रका विज्ञ सहितको जम्बो टोली सन् १७६८ मा अध्ययन यात्रामा निस्कियो समुद्री यात्रुको मृत्युको कारण र समाधानको उपाय खोज्न। तीन वर्षको यात्रा पश्चात् धेरै नयाँ कुरा पत्ता लगाएर फर्कियो।

यस पटक यात्रामा यात्रीलाई पहिलेका नौका यात्रीले खाने खानाको अतिरिक्त पर्याप्त मात्रामा फलफूल र तरकारी समावेश गरिएको थियो। परिणाम चामत्कारिक थियो, यस यात्रामा सबै यात्री जीवित फर्किए।

जेम्स लिन्डले दिन नसकेको परीक्षणको परिणामको वैधता कुकले दिए यद्यपि उनी कुनै पोषण विज्ञ वा वैज्ञानिक थिएनन्। उनी राज्यले उच्च प्राथमिकता दिएको भूगोल, अन्तरिक्ष र उपनिवेश सम्भावना खोज गर्ने शक्तिशाली टिमको नेतृत्व गरेका क्याप्टेन थिए। त्यसैले उनले सिफारिस गरेका निष्कर्ष राज्य शक्तिले वैधता दिने नै भयो।

पछि सन् १९३१ मा पत्ता लाग्यो- त्यो समस्याको कारण भिटामिन सी अर्थात् एस्कर्भिक एसिडको कमि हुनु थियो। उक्त सूक्ष्म खाद्यतत्वको कमिका कारणले एस्कर्भी भन्ने रोग लागेर त्यति धेरै समुद्री यात्रीको ज्यान गएको रहेछ।

मानिसको शरीरमा भिटामिन लामो समय भण्डारण गरेर राख्ने संयन्त्र हुँदैन। यसैले भिटामिनको स्रोत तरकारी र फलफूल बढीमा ३ महिनासम्म सेवन गरिएन भने एस्कर्भी लाग्न सक्छ। अहिले पनि अमेरिकामा करिब ७ र उत्तरी भारतमा ७३.९ प्रतिशतसम्म भिटामिन सी कमि भएको जनसंख्या विद्यमान छ। यसो हुनुमा भिटामिनयुक्त खानाको कमि, मद्यपान र मोटोपना मुख्य जिम्मेवार छन्।

यो प्रसङ्ग यहाँ उठान गर्नुको तात्पर्य एउटा मात्र सूक्ष्म खाद्य तत्वको कमिले मानव स्वास्थ्य र समग्र समाज तथा राज्यमा समेत कस्तो प्रभाव पार्दो रहेछ अनि त्यसका लागि लक्षित, योजनबद्ध र दीर्घकालीन सोचका साथ अगाडि बढ्न नसक्दाका दूरगामी असर के हुन्छन् भन्ने दृष्टान्त देखाउनु हो।

कुरा सामान्य लाग्छ- खानामा तरकारी र अमिलो फलफूल समावेश गर्नु कत्रो ठूलो कुरा हो र? अमिलो जातको फल मात्र समावेश भएको भए पनि जेम्स कुक भन्दा पहिले २० लाख बढी समुद्री यात्रीले यात्रामा अकालमै ज्यान गुमाउनुपर्ने थिएन।

आज प्रविधिको धेरै विकास भइसकेको छ। रोग र अन्य स्वास्थ्य समस्याको तत्कालिक कारण सजिलै पत्ता लाग्छ। पत्ता लागेपछि तत्कालका प्राविधिक समाधान पनि उपलब्ध छन् तर त्यसलाई नियन्त्रण गर्ने अलिपरका अन्तरनिहित कारणहरू छन् या त ती समस्याको उपयुक्त निदान हुनसकेको छैन या निदान भएर पनि समाधान खोज्न सकिएको छैन। त्यसैले कुपोषण व्याप्त छ।

त्यसैगरी यस प्रसङ्गमा अर्को महत्वपूर्ण सन्देश छ। पोषण उपलब्धि विशुद्ध प्राविधिक विषय होइन। आजको विश्वव्यापीकरणको जमानामा यो बढी सामाजिक र राजनीतिक विषय हो। यदि यो विशुद्ध प्राविधिक पक्ष हुँदो हो त जेम्स लिन्डले अमिलो जातका फलफूल र तरकारीको सेवनले समुद्री यात्रीमा देखिएको त्यो बेलाको अज्ञात रोग लाग्दैन भनेर पहिचान गरेको समाधानको वैधता, उपयोग र प्रचारमा अर्को दुई दशक कुर्नुपर्ने थिएन।

आयातित सबै राम्रो र आफ्नो स्थानीय नराम्रो ठान्ने र सभ्य देखिन बाहिरको सामान तथा अभ्यास गर्ने सुकुलगुन्डे प्रवृत्ति हरेक समुदायमा छ, स्वरूप मात्र फरक हुन्

त्यसैगरी त्यसपछिका सयौं युद्ध, नाकाबन्दी र खाद्यान्न ओसारपसारमा रोकका कारण अर्बौं निहत्था नागरिक भोकमरी र कुपोषणको शिकार हुनुपर्ने थिएन।

पोषण उपलब्धि हासिल गर्नु अहिलेको बजार नियन्त्रित विश्वमा अझ बढी राजनैतिक विषय हो किनकि अहिले सबै मानिसलाई चाहिने पोषण उत्पादन भइरहेको छ तर राजनीतिक कारणले कोही मानिस अधिक पोषणका मारमा छन् भने गरिब र सीमान्तकृत समुदायका मानिसहरू कुपोषणको सिकार भएका छन्। अहिले यातयातको सुविधाले विश्वको एक कुनामा उत्पादन भएको पोषण अर्को कुनामा सजिलै पुऱ्याउन सकिन्छ र न्यायिक शासन पद्धति भए त्यो असम्भव पनि होइन तर त्यस्तो हुनसकेको छैन।

शक्ति र सम्पत्तिको खेलमा गरिब राष्ट्र र समुदाय युद्धको चपेटामा पिल्सिएका छन्। अनि अनेक तगाराहरू सृजना गरेर पोषणमा असमान पहुँच सृजना गरिएको छ। इजरायलले गाजामा गरेको लगातारको आक्रमणले हजारौं हताहती भएका छन् भने युद्धसँग कुनै साइनो नभएका लाखौं महिला, बालबालिका र वृद्धवृद्धाहरू भोकमरी र कुपोषणका कारण नारकीय जीवन गुजार्दैछन्। यो कुनै उत्पादन कमिले भएको भोकमरी र कुपोषण होइन।

अहिले न्यूनपोषण, अधिकपोषण र सूक्ष्मपोषणका लक्षण थाहा पाउन र तात्कालिक प्राविधिक कारण थाहा पाउन कठिन छैन। के गऱ्यो भने उपचार हुन्छ भन्ने पनि थाहा छ। यसका बावजुद पनि धेरै गरिब मुलुकहरूमा बच्चा र प्रजनन् उमेरका महिलामा कुपोषण पत्याउनै नसकिने गरी उच्च छ। त्यो भित्र पनि सीमान्तकृत र पिछडिएको वर्गमा बढी छ। नेपालकै राष्ट्रिय जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण २०२२ को प्रतिवेदन केलाउने हो भने राजनीतिक हिसाबले पछौटे र विभेदमा पारिएका प्रदेशमा कुपोषणको समस्या बढी देखिन्छ।

प्रतिवेदन अनुसार कर्णालीका बच्चाहरूमा सर्वाधिक ३६ प्रतिशत बच्चामा पुड्कोपन छ। ख्याउटेपन लुम्बिनीमा सबभन्दा बढी १६ प्रतिशत छ। बच्चाहरूमा कम तौल हुने र प्रजनन् उमेरका महिलामा रक्तअल्पता हुनेमा मधेश प्रदेश अगाडि छ भने ख्याउटेपनमा दोस्रो स्थानमा छ।

यस्तो अवस्था विद्यमान हुनु राज्यका लागि लाजमर्दो खबर हो। नागरिकको करबाट चल्ने आधुनिक राज्यलाई अवगत हुनुपर्ने हो कि स्वस्थ र तन्दुरुस्त नागरिकको उत्पादकत्व बढी हुन्छ, बढी आर्जन गर्न सक्छ र तब मात्र राज्यले बढी कर आर्जन गर्न सक्छ।

कुपोषणको तत्कालिक कारण त शरीरमा चाहिने पोषकतत्व उपलब्ध नहुनु हो। पोषण मुख्यतः खानाबाट उपलब्ध हुन्छ। यसलाई आधार मान्ने हो भने तुलनात्मक रूपमा अन्य प्रदेशभन्दा बढी उत्पादन हुने र सहज क्षेत्र भएका लुम्बिनी र मधेशमा किन बढी कुपोषण? उत्पादनमा आत्मनिर्भर धनी देशहरूमा कुपोषण समस्या नहुनुपर्ने हो। तर सबै देशमा कुनै न कुनै रूपमा छ। सीमान्तकृत समुदायमा उच्च दरमा छ भने विशेषाधिकारयुक्त समुदायमा कम छ।

समग्रमा पोषण अवस्था सुधार हुन पोषकतत्वको उपलब्धताले मात्र पुग्दैन। यसको उपायका अन्य विभिन्न आयाम पनि त्यतिकै महत्वपूर्ण हुन्छन्। राजनीतिक पक्षले पोषणको उपलब्धता मात्र समस्या सिर्जना गर्ने होइन, शारीरिक तथा मानसिक रूपमा पोषण उपयोग गर्न नसक्ने बनाउँछ। तनावको अवस्थामा मानिसले उपयुक्त रूपमा पोषण ग्रहण गर्न नसक्ने र खाएपछि पनि शरीरले पोषण उपयोग गर्न नसक्ने हुन्छ।

युद्ध र अन्य प्रकोपले दिने तनावले पनि कुपोषण सिर्जना गर्छ। यस्ता समस्या सामना गरिरहेका मानिसहरूमा कुपोषणको समस्या पोषण उपलब्ध नभए जत्तिकै हुन्छ। त्यसैले पोषण लक्ष्य प्राप्ति अहिलेको अवस्थामा प्राविधिक भन्दा राजनीतिक र सामाजिक विषय बनेको हो।

गाउँदेखि केन्द्र सरकारका हरेक निकाय पोषण लक्ष्य प्राप्त गर्ने राष्ट्रिय लक्षित कार्यक्रमप्रति प्रतिबद्ध देखिन्थे। राष्ट्रिय लक्षित कार्यक्रमको उद्देश्य स्पष्ट छ- कुपोषणको समस्या भएका अल्पसंख्यक आदिवासीहरूको पोषण अवस्था सुधार्ने। सरकारका हरेक अवयव लक्ष्य प्राप्त गर्न दृढ भएर लागेको देख्दा लाग्थ्यो यस्तो पो सरकार। सरकारका कार्यक्रम यति स्पष्ट, न्यायिक र लक्षित देख्दा सरकार अत्यन्त जिम्मेवार भएको प्रतीत हुन्थ्यो।

सुझाव दिने क्रममा मेरो पालो आयो। डा. विन्हले दिएको प्रस्तुति सुन्दा लाग्थ्यो सरकारले लक्षित कार्यक्रम मार्फत पोषण उपलब्धतामा कुनै कसर बाँकी राखेको छैन। गाउँसम्म पुगेर हेर्दा स्वास्थ्य र पोषण सेवा अत्यन्त सहज तथा सुलभ थियो। यसको बावजुद पोषण अवस्थामा समस्या हुनु भनेको लक्षित सेवाग्राहीले सही हिसाबले प्रयोगमा नल्याउनु भन्ने स्पष्ट थियो।

खराब पोषण व्यवहारका कारणले विपन्न र सम्पन्न परिवारका सदस्य समेत कसरी कुपोषित हुन्छन् भन्ने नेपाल र बंगलादेशका केही अनुभव सुनाउँदै व्यवहार सुधारमा जोड दिन आग्रह गरें। गाउँ तहका पोषण क्लबका अल्पसंख्यक सदस्यसँगको छलफल गर्दा पनि पोषण व्यवहार सुधार गर्न धेरै काम गर्नुपर्ने देखिन्थ्यो। समुदाय भेटमा आफूले देखेका तथ्यहरू सहित दिएको सुझाव मनासिव लाग्यो सायद यो पक्षलाई आगामी कार्यक्रममा राख्ने प्रतिबद्धता सहित विशेष धन्यवाद टर्क्याए।

पोषण आवश्यक मात्रामा उपलब्ध भए पनि यसलाई उपयोग गर्नका लागि शारीरिक अवस्था राम्रो छैन भने पोषणयुक्त खाना खाँदैमा कुपोषण घट्छ भन्ने हुँदैन। खाएको खानालाई पाचन गरेर शरीरलाई चाहिने मात्रामा ग्रहण गर्न सक्ने क्षमता नभए पोषणयुक्त चौरासी व्यञ्जन सधैं उपलब्ध भएर पनि अर्थ भएन। त्यसैले शारीरिक स्वास्थ्य पोषण सुधारको महत्वपूर्ण पाटो भयो।

गाउँघरमा दूध, दही, मोही जस्ता उत्पादन हुँदाहुँदै पाहुना सत्कारका लागि बजारका बोतलबन्द र प्याकेटबन्द खाना खाएर सभ्य देखिने अभ्यास आजकल बग्रेल्ती देखिन्छ। कालान्तरमा यही अभ्यास खाद्य संस्कृति बन्छ। ग्रामीण बस्ती विशेषगरी सुदूरपश्चिम र कर्णालीका दुर्गम बस्तीमा जाँदा यस्तै भोगेको अनुभव छ। बारीका कान्ला र पाखाहरूका प्रशस्त हरियो सागपात छिचोल्दै घरमा पुऱ्याएर चाउचाउको झोलसँग खाना र कोक जस्ता बोतलबन्द पेय पदार्थ खान दिए। कारण सोध्दा थाहा भयो पाहुनालाई स्तरीय खाना खुवाएको रे!

पोषणको तेहरो बोझ कम गर्न विविधीकृत पोषण उपलब्ध हुने वातावरण बनाउने, पोषण व्यवहार सुधार गर्न समाज र समुदायस्तरबाट सचेतना जगाउने साथै शारीरिक स्वास्थ्यको लागि स्वास्थ्य, पोषण र तन्दुरुस्ती सेवामा सहज पहुँच हुन आवश्यक छ। आफ्नोमा उपलब्ध भएको प्राकृतिक खाना कमसल र बजारमा उपलब्ध जस्तोसुकै पत्रु खाना होस् उत्कृष्ट? यो एउटा उदाहरण काफी छ बजारले आम मानिसमा कसरी नकारात्मक अभ्यास र बानीहरूको विकास गराउँदै लैजान्छ भन्नलाई। यस्तो आयातित सबै राम्रो र आफ्नो स्थानीय नराम्रो ठान्ने र सभ्य देखिन बाहिरको सामान तथा अभ्यास गर्ने सुकुलगुन्डे प्रवृत्ति हरेक समुदायमा छ, स्वरूप मात्र फरक हुन्।

यस्तै प्रवृत्ति गाउँमा मात्र होइन अहिले विकास हुँदै गएको स्वास्थ्य सेवाका क्षेत्रमा अझ बढी छ। बिरामी भएर अस्पताल गयो भने अधिकांश स्वास्थ्यकर्मी पोषणको कमि भएका बिरामीलाई यसको प्राकृतिक स्रोत सेवन गर्न सुझाउनुको सट्टा फार्मेसीमा पाइने संश्लेषित पोषण वा रासायनिक औषधि सिफारिस गर्दछन्। यसको पछाडिको कारण कम्पनीका उत्पादन बिकाएर कमाउने, हाम्रा प्राकृतिक खाद्य तत्वको महत्व थाहा नहुने वा प्रायोजित विशेषज्ञता प्रदर्शन गर्ने हुनसक्छ। हाम्रा पराम्परागत खाद्यशैली पोषणका हिसाबले राम्रा भए पनि आधुनिक देखिन तिनलाई अनुसरण नगर्ने र बजारमा समाधान खोज्ने प्रवृत्ति अझ बढ्दो छ।

त्यसैगरी पोषण उपलब्धि प्राप्तिका लागि सर्वत्र चुनौती बनेको सामाजिक पक्ष भनेको सामाजिक तथा सांस्कृतिक मान्यताहरू हुन्। धेरैजसो खाना पोषणका लागि जतिसुकै उत्तम भए पनि सांस्कृतिक रूपमा खान हुने, नहुने भनेर वर्गीकरण गरिएको छ। हरेक समाजमा खानेकुरा लिङ्ग, जात र समुदायको हिसाबले खान हुने, नहुने भनेर मान्यताहरू विकास गरिएको छ। यस्ता सामाजिक मान्यताहरू यति धेरै बलियोसँग जरा गाडेका छन् कि सामान्य सचेतनाले तोड्न मुस्किल छ। फलतः पहुँच र उपलब्धताका हिसाबले आफ्नै इलाकामा विविधीकृत पोषणका स्रोत उपलब्ध भएर पनि मानिसहरू खाँदैनन्, त्यसैले कुपोषण व्याप्त छ।

सामाजिक र सांस्कृतिक मूल्यमान्यताहरू पुस्तान्तरण हुँदै जाने हुनाले यी कारणले सृजना भएका कुपोषण पनि पुस्तान्तरण हुन्छन्। त्यसैले पोषण सुधार छोटो समयमा प्राप्त हुने र एकै क्षेत्रको सुधारबाट प्राप्त हुने उपलब्धि होइन। यस सवालमा पोषणको उपलब्धता र यसलाई ग्रहण गर्न सक्ने शारीरिक क्षमताले मात्र पुग्दैन रहेछ। पोषण र स्वास्थ्य सेवा उपलब्ध भएर पनि सामाजिक, सांस्कृतिक कारणले त्यसलाई उपभोगमा नल्याएपछि कसरी स्वास्थ्य सुधार हुन्छ?

अरू भन्दा बढी पोषण चाहिने गर्भवती महिला र बालबालिका हुन्। तर त्यही वर्गलाई लक्षित गरेर बनेका सामाजिक, सांस्कृतिक मान्यताहरूले पोषण उपभोगमा तगारा खडा गरेका छन्। महिला रजस्वला, गर्भवती र सुत्केरी हुँदा केही पोषणयुक्त खानामा बन्देज लगाइन्छ। जस्तै, दुग्धजन्य पदार्थ, हरिया सागसब्जी र फलफूल खान हुँदैन भनिन्छ। परिवारमा खाद्य वितरणका परम्परागत नियम छन् जसले बढी पोषण आवश्यक पर्ने अवस्थाका महिला समेतलाई अन्य पहुँचवाला सदस्यका तुलनामा कम उपलब्ध हुने अवस्था सृजना गर्छ।

यस्ता सामाजिक मान्यताका प्रकृति फरक हुनसक्छन् तर विश्वका सबै समुदायमा छ। सेवा दिने व्यक्तिहरूको मानसिकता पढाउने शिक्षण संस्थादेखि त्यसरी नै विकास गरिएको हुन्छ।

राज्यले यसलाई राजनीतिक सवाल बनाएर लक्षित रूपमा अगाडि नबढेसम्म र हरेक समुदायमा रहेका कुपोषणलाई बढावा दिने सामाजिक कारण पहिचान नगरेसम्म कुपोषणको लाजमर्दो सूचक विद्यमान रहिरहन्छ।

पोषणको तेहरो बोझ कम गर्न विविधीकृत पोषण उपलब्ध हुने वातावरण बनाउने, पोषण व्यवहार सुधार गर्न समाज र समुदायस्तरबाट सचेतना जगाउने साथै शारीरिक स्वास्थ्यको लागि स्वास्थ्य, पोषण र तन्दुरुस्ती सेवामा सहज पहुँच हुन आवश्यक छ। यी सबै पक्षको दीर्घकालीन रूपमा सुनिश्चित गर्न समावेशी र न्यायिक खाद्य तथा पोषण प्रणालीको विकास हुन आवश्यक छ।

> खराब पोषण व्यवहारका कारणले विपन्न र सम्पन्न परिवारका सदस्य समेत कसरी कुपोषित हुन्छन् भन्ने नेपाल र बंगलादेशका केही अनुभव सुनाउँदै व्यवहार सुधारमा जोड दिन आग्रह गरें। गाउँ तहका पोषण क्लबका अल्पसंख्यक सदस्यसँगको छलफल गर्दा पनि पोषण व्यवहार सुधार गर्न धेरै काम गर्नुपर्ने देखिन्थ्यो।

## केहि महत्वपूर्ण टेलिफोन नम्बरहरू

### एम्बुलेन्स सेवा

- मोरङ सहकारी अस्पताल ५२३२३०, ९८४२२८२७७७
- जिसस मोरङ ५३६३५३
- निर्माण व्य. संघ ५२३८३६, ५३०५७२
- नेरेसो रंगेली ५८००४८
- चेतनशील मित्र परिषद् ९८४२२६६२३१
- नेपाल दुरसंचार सं.क. संघ ५३३३३३
- पूर्वाञ्चल नर्सिङ होम ५२३१५५
- अवधनारायण नर्सिङ होम ५२२८११
- विराट नर्सिङ होम ५२७०७१
- पथरी नर्सिङ होम ५५५३४३
- लायन्स क्लव सेन्ट्रल ५३७००१
- जीवन वि. स. कर्सिया ५६५०८८
- शनिश्चरे एम्बुलेन्स सेवा ५५५१४४
- न्युरो हस्पिटल प्रा.लि. ४१७४७५, ४१६०२४
- पोखरिया बचत एम्बुलेन्स ९८४२२७७६६६
- लाइफ गार्ड एम्बुलेन्स सेवा ९७४२०४२३३३
- ग्रामीण महिला जागरण ५३१०६५
- च्यारेटी ट्रष्ट धरान ०२५-५२१६००

### दमकल

- विराटनगर बारूणयन्त्र ४२००००
- इटहरी बारूणयन्त्र ५८०१०१
- धरान बारूणयन्त्र ५२०१९९
- इनरूवा वारूणयन्त्र ५६०१०१
- दमक बारूणयन्त्र ०२३-५८०१०१
- भद्रपुर बारूणयन्त्र ०२३-५२०१०१

### अस्पताल

- कोशी अं. अ. इमरजेन्सी ५२४२३४
- अवधनारायण नर्सिङ होम ५२२८११
- विराट नर्सिङ होम ५२२१४४
- विराट मेडिकल कलेज ४२१०६३, ४२११८२
- ब्लड बैंक ५२३३२६
- आँखा अस्पताल ५२३७०६
- मोरङ सहकारी अस्पताल ५२३२३०
- सप्तकोशी नर्सिङ होम ५२७९५४
- न्युरो हस्पिटल प्रा.लि ४१७४८४, ४१६२६७
- नौलखा डेन्टल केयर ५२१०८२
- नेपाल क्षयरोग निवारण संस्था ५२२८२७
- लाइफ गार्ड हस्पिटल ९७४२०४२३३३

### प्रहरी

- पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
- जिल्ला प्रहरी ५३०३५८, ५२३९०१, १००
- जिल्ला ट्रा.प्र.का. ५३५३९९, १९९, ५३५५९९
- नगर प्र.का., विराटनगर ५२१८५०, ५३०३६७, ११०
- इ.प्र.का.,रानी ४३५३६४, १०८
- सिआरभी (CRV) १०९
- इप्र.का.,रंगेली ९८५२०९०१४४
- इ.प्र.का., उर्लावारी ५४०००२
- सिमा प्रहरी चौकी रानी ४३५८४०

### होटल

- होटल स्वागतम ४७२४५०
- होटल इष्टर्न स्टार ४७१६२६
- होटल संगम पार्टी प्यालेस ५३०४०३
- एबी होटल ०२१-५११७७२
- होटल नमस्कार ०२१-५९०९०९/५९०६०६
- होटल प्यासिफिक ४७१०३६
- होटल मुन ९८०२७२७७७७
- सगरमाथा पार्टी प्यालेस ४७१४९३
- दिव्यरत्न होटल ९८५२०३३२९६
- होटल पाथिभरा इन ९८०२७६९१५२
- होटल श्रीकृष्ण ०२१-५९०४६७

# मकालु हिमाल आरोहणका क्रममा फ्रान्सेली नागरिको मृत्यु

◆ भविन कार्की

*संखुवासभा,२ जेठ*

विश्वको पाँचौं अग्लो मकालु हिमाल आरोहण गर्ने क्रममा एक फ्रान्सेली पर्वतारोहीको मृत्यु भएको छ। संखुवासभा रहेको विश्वको पाँचौं अग्लो मकालु हिमाल आरोहण गर्ने क्रममा फ्रान्सेली नागरिक ६० वर्षे जोनी सालिबाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी निरिक्षक रामकुमार लामिछानेले जानकारी दिए। विश्वको पाँचौं अग्लो हिमाल मकालुमा फ्रान्सेली पर्वतारोही ६० वर्षीय जोनीको मृत्यु भएका हो।

मकालु गाउँपालिका-२ स्थित मकालु हिमाल आरोहण गर्ने क्रममा ८ हजार ३५० को उचाइमा पुगेका फ्रान्सेली नागरिक जोनी अचानक विरामी परेका थिए। विरामी परेका फ्रान्सेली नागरिक जोनीलाई ८ हजार १२० मिटरमा तल झार्ने क्रममा बिहीबार बिहान ३ बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरिक्षक लामिछानेले बताए। मकालु हिमालको शिखरतर्फ गइरहेका बेला फ्रान्सेली पर्वतारोहीको स्वास्थ्य अवस्था जटिल हुँदै गएपछि गाइडले तल झार्ने क्रममा मृत्यु भएको नोवी होराइजन ट्रेक्स एक्स्पिडिसनका प्रबन्धक निर्देशक बोधराज भण्डारीले बताए।

मृतक पर्वतारोहीको शव निकाल्ने प्रयास भइरहेकोसमेत उनको भनाइ छ। उनीसँगै गएका अन्य फ्रान्सेली सदस्यहरू सकुशल रहेको बताइएको छ। घटनास्थल सदरमुकाम खाँदबारीबाट १२ दिनको पैदल दुरीमा पर्दछ। त्यस्तैगरी एक साताअघि मकालु हिमाल आरोहण गरी फर्किने क्रममा पर्वतारोही ल्हाक्पा तेन्जे शेर्पाको मृत्यु भएको थियो।

यातायात र सञ्चार सेवा नभएको कारण भौगोलिक रुपमा निकै विकट मानिन्छ। यस वर्ष नेपालले मकालु हिमाल आरोहण गर्ने विदेशी आरोहीहरूलाई ५९ वटा परमिट जारी गरेको छ।

# एनबीएससी इलेक्ट्रोनिक्स सञ्चालन

## एकै छानामुनि बिक्री र मर्मतको सुविधा

◆ हाम्रोमत संवाददाता

*विराटनगर, २ जेठ*

विराटनगरस्थित मेनरोडमा एनबीएससी इलेक्टोनिक्सको शो रुम सञ्चालनमा आएको छ।

एकै छानामुनि इलेक्ट्रोनिक्सका सम्पूर्ण सामान बिक्री गर्नुको साथै मर्मतको कामसमेत गर्ने गरी सञ्चालनमा ल्याइएको हो। एनबीएससी विराटनगरको पहिलो शो-रुम हो। जहाँ इलेक्ट्रोनिक्सका सबै सामान बिक्री हुने र त्यसको मर्मतको सुविधा पनि दिइएको छ।

विराटनगरको रानीस्थित हाजी आँखा अस्पतालका अध्यक्ष हाजी कादिर अन्सारीले बुधबार शो-रुमको उद्घाटन गरेका हुन्। शो-रुमका प्रबन्ध निर्देशक अथर अन्सारीले उपभोक्ताको हितलाई ध्यानमा राखेर इलेक्ट्रोनिक्स सामान बिक्री गरिने र आफ्ना ग्राहकका लागि मर्मतको सुविधा पनि मर्मत सम्भार गर्ने सुविधासहित सञ्चालन गरेको जानकारी दिए। उनले भने -'सामान बिक्री गरेर हुँदैन। बिक्री गरेको समानको मर्मत सम्भार पनि गर्ने व्यवस्था गर्नु पर्ने हुन्छ। 'इलेक्ट्रोनिक्स सामानको मर्मत सम्भार भएन भने त्यो काम लाग्दैन।'

शो-रुमबाट सामसङ, हायर, गे लिफर, प्यानासोनिक, हाइसेन्स, थ्रि स्काइ वर्थ र बाल्ट्रा आदि कम्पनीका ब्राण्डका सामानहरु बिक्री वितरण गरिने छ। साथै ल्यापटप, कम्प्युटर पनि उक्त स्थानबाट बिक्री हुने प्रबन्ध निर्देशक अन्सारीले जानकारी दिए। विगतदेखि इलेक्ट्रोनिक्स आइटमका विभिन्न ब्राण्ड बिक्री गर्दै आएको एनबीएससी शो-रुमले मेनरोड विराटनगर सेन्ट्रलमल अगाडि आफ्नो तेस्रो शाखा विस्तार गरेको हो ।

'भर्सन ३' का रुपमा अर्को शाखा सञ्चालनमा ल्याएसँगै सो शोरुमले जेठ २ गतेदेखि एक महिनासम्म हरेक ब्राण्डका इलेक्ट्रोनिक्स सामानको एक्सचेन्ज अफरसमेत दिएको छ।

ग्राहकहरुलाई एक लाखभन्दा माथिको सामान खरिदमा लक्की ड्र मार्फत् एसी, वासिङ मसिन, फ्रिज उपहार दिइने योजना बनाइएको छ।

## पहिलो पृष्ठबाट बाँकी

### एमालेलाई...

प्रदेशका मन्त्रालयमध्ये सबैभन्दा धेरै बजेट कार्यान्वयन गर्ने भौतिक पूर्वाधार मन्त्रालय माओवादीको भागमा रहँदा गणेशप्रसाद उप्रेतीले त्यसको जिम्मा पाउने सम्भावना छ। अन्य मन्त्रालय कसले लिने भन्ने विषयमा पनि करिब टुंगो लागिसकेको नेताहरुले बताएका छन्। 'बिहीबारसम्ममा मन्त्रिमण्डलले पूर्णता पाउँछ,' मुख्यमन्त्री निकट स्रोतले भन्यो, 'माओवादीबाट मन्त्री बन्नेहरुको नाम आउनेबित्तिकै सरकार विस्तार हुन्छ।'

'आजसम्ममा मुख्यमन्त्रीसहित पाँच मन्त्रालय एमालेको भागमा र तीन मन्त्रालय माओवादीको भागमा पर्ने निश्चित भएको छ,' एमालेका एक नेताले भने, 'आर्थिक एमालेले लिने र भौतिक पूर्वाधार विकास मन्त्रालय माओवादीले लिने पनि करिब सहमतिजस्तै छ।' निवर्तमान मुख्यमन्त्री केदार कार्कीको मन्त्रीमण्डलमा समावेश भएकाहरुलाई नै पुनः मन्त्रीमण्डलमा पठाउने माओवादीको तयारी रहेको बुझिएको छ।

यसअघिको सरकारमा माओवादीका राजेन्द्रकुमार राई सामाजिक विकास मन्त्री र नारायणबहादुर मगर खानेपानी सिंचाइ तथा ऊर्जामन्त्री थिए। मन्त्रालयमा हेरफेर हुन सक्ने भए पनि उनीहरु नै पुनः मन्त्री बन्ने स्रोतको दाबी छ । यद्यपि माओवादीमा पूर्वमन्त्री दुर्गाप्रसाद चापागाईले पनि पार्टीबाट सरकारको नेतृत्वसहित दाबी गरिरहेका छन्।

यस्तै एमालेबाट आन्तरिक मामिला तथा कानुन मन्त्रीमा मोरङका लीलाबल्लभ अधिकारीको करिब निश्चित रहेको स्रोतले जनाएको छ। त्यसबाहेक एमालेको भागमा रहने मन्त्रालयहरुमा खोटाङका पाँचकर्ण राई, भोजपुरकी सिर्जना राई र धनकुटाका निरन राई मध्येबाट मन्त्री बनाउने तयारी रहेको स्रोतको दाबी छ। उनीहरु यसअघि हिक्मतकुमार कार्की नेतृत्वको अल्पमतको सरकारमा छोटो समय मन्त्री भएका थिए।

प्रदेश सरकारमा मुख्यमन्त्री र मन्त्रिपरिषदको कार्यालयसहित ९ मन्त्रालय रहेकोमा एउटा मन्त्रालय खाली नै राख्ने तयारी मुख्यमन्त्रीको रहेको बताइएको छ। समावेशितालाई मिलाउन सरकारमा राज्यमन्त्रीहरु पनि बनाउने सम्भावना रहेको स्रोतको दाबी छ।

मन्त्रालयको र मन्त्रीको अन्तिम टुंगो लगाउन नेताहरूले आन्तरिक छलफललाई तीब्र बनाएको बताएका छन्। स्रोतका अनुसार माओवादीले भौतिक पूर्वाधार विकास मन्त्रालय, पर्यटन वन तथा वातावरण मन्त्रालय र सामाजिक विकास मन्त्रालय पाउने सम्भावना छ। बाँकी मन्त्रालयहरूमध्ये एक मन्त्रालय खाली राखेर अन्य मन्त्रालयमा मन्त्री पठाउने मुख्यमन्त्रीको तयारी छ। नेकपा (एकीकृत समाजवादी) हाल प्रतिपक्षीमा बसेको छ। यस्तै जसपा नेपालकी सांसद निर्मला लिम्बूले पनि आफूलाई मन्त्रीमण्डलमा समावेश गराउनु पर्ने दबाब दिइरहेको बताइएको छ। सोही कारण पनि एक मन्त्रालय खाली राख्नु परेको एमाले स्रोत बताउँछ।

गत वैशाख २७ गते संविधानको धारा १६८ को उपधारा ५ अनुसार मुख्यमन्त्रीमा नियुक्त भएका कार्कीले गत वैशाख ३१ गते प्रदेश सभाबाट विश्वासको मत पाएका थिए। बजेट निर्माण गर्नुपर्ने साथै आर्थिक वर्षको अन्त्यमा बजेट खर्चलाई बढाउनु पर्ने प्रदेश सरकारलाई दबाब छ। सोही कारण पनि मन्त्रीमण्डल विस्तारको काम सकेर बजेट निर्माणमा लाग्ने मुख्यमन्त्रीको तयारी छ।

### पालिकाजस्तो...

कति प्रयास गरेर त्यो मैले नतिरी नहुने भयो। जब मैले ३० हजार रुपैयाँ दिएँ सबै कुरा मिल्यो। त्यस्तो ल्याकिङ कहाँनेर हो त ? न त्यो राज्यलाई आयो। न दिने मान्छे सेटिस्फाइ छ। त्यसको ल्याकिङ कहाँनेर हो। पैसा कम तिर्दा पनि जग्गा पास त भयो। १० प्रतिशत कर तिर्नुपर्ने ठाउँमा ३ प्रतिशत राखौं न। राजस्व यो भन्दा बढी उठ्छ। आज अदृश्य रुपमा त्यो पैसा अपचलन भइरहेको छ।'

त्यही कारणले राज्यको सिस्टममा पैसा नआएको उनले बताए। 'त्यसैकारण फर्मल भन्दा इनफर्मल कारोबार बढीरहेको छ। ४१ प्रतिशत अनौपचारिक कारोबार छ भन्ने अनुसन्धानले भनिरहेको छ। त्यसलाई कम गर्ने कसरी हो ? त्यो कुरामा पनि हामी ध्यान दिऔं,' उनले भने।

कोशी प्रदेशसभा सांसद विदुरकुमार लिङ्थेपले प्रदेशले दीर्घकालिन सोच बनाउन नसकेको बताए। 'मैले नबुझेको हो कि के हो ? हामी जिन्दावाद र मुर्दावाद भन्दा भन्दै सांसद बनेर आएका हौं। हामीसँग धेरै ज्ञान हुँदैन। तर, सचिवज्यूहरु त पढेर आउनु भएको छ। मलाई लागेको कुरा संविधानले तोकेको मौलिक अधिकार हामी प्रदेशवासीलाई कति वर्षमा पूरा गर्ने ? स्वच्छ पिउने पानी कति वर्षमा दिन सक्छौं,' उनले सचिवहरुसँग प्रश्न गरे, 'यातायातमा सबै मानिसको पहुँच कति वर्षमा पुऱ्याउँछौं। वडा केन्द्रमा कालोपत्रे कति वर्षमा पुऱ्याउँछौं। सबै नानीहरु कति वर्षमा स्कुल पुग्छन्। कति वर्षमा स्वास्थ्य सेवा पुऱ्याउँछौं। कति वर्षमा मातृ मृत्युदर शून्यमा झार्छौं भन्ने केही तथ्याङ्क हामीले लिने कि नलिने ? कति वर्षमा हाम्रा जनता सुरक्षित छानामुनि सुत्न पाउँछन् ? यो विषयमा डाटा सर्भेक्षण गरेर अगाडि बढ्नलाई केले रोकेको छ ? यो सचिव लेबलबाट बनाउँदा अलि कामकाजी हुन्थ्यो कि ?।'

उनले कृषिमा लगानी गरेर पनि प्रतिफल नआउनुको कारण के हो भन्दै प्रश्न गरे, 'कृषिमा २ अर्ब लगानी गर्दा उत्पादन कति भयो ? तथ्याङ्क त छ होला नि ? हामी तथ्याङ्कमा माथिको भर परेर विग्रिएको हो कि ? हामीले के गर्ने भन्ने थाहा नभएपछि चिर्कटो लिएर नआए के गर्नु ? सिंचाइमा यस्तै लथालिङ्ग छ। कृषिमा उस्तै लथालिङ्ग छ। लगानी कहाँ गर्ने भन्ने पहिचान नै भएन कि हाम्रो ? मुख्यमन्त्री आउँछ जान्छ, सरकार फेरिरहन्छ होला। तर, सचिवज्यूहरु त हुनुहुन्छ। स्थायी सरकार मानेकै छ। त्यसो हुँदा योजना बनाउनु पर्यो। यो त पालिका चलेजस्तो पनि भएन।' अघिल्लो कार्यकालमा उनी पालिका प्रमुख थिए।

यस्तै प्रदेशसभाका सांसद गोपाल तामाङले बजेटमा समानता नआएको गुनासो गरे। 'अब बन्ने बजेटमा समानताको कुरा आउनु पर्छ। इमान्दारिता देखिनु पर्यो। हामीले पनि बजेटबारे बोल्दा गर्व गर्न सकियोस्। कुनै राजनीतिक दलको नेताको प्रभावमा परेर बजेट नआवस्। कुनै क्षेत्रमा ९३ करोडसम्म पर्ने कुनै क्षेत्रमा बजेट नै नपर्ने अवस्था नहोस्,' उनले भने, 'बोल्न नसक्ने समुदायलाई बजेट दिनुपर्छ। मेरो क्षेत्रमा ४२ वटा सामुदायिक विद्यालय छन्। ती विद्यालयमा कुनै लगानी छैन। त्यस्तो पनि हुन्छ ? हामी कहाँ बहकिरहेका छौं ? पूर्वाधारमा मात्रै लगानी गरेर हुन्छ ? यो खालको लगानीले के पाउँछौं ? १८-२० करोड प्राइभेट कम्पनीलाई पाउडर दूध बनाउन दिइयो। प्रदेशले के पायो ? सरकारले लक्ष्य त बनाउनु पर्यो नि ?'

प्रदेशसभा सांसद ज्ञानेन्द्र सुवेदीले पालिका चलेजस्तो पनि प्रदेश नचलेको भन्दै अब त्यस्तो हुन नहुनेमा जोड दिए। ' पालिका चलेजस्तो गरी पनि हाम्रो प्रदेश चलेन। हामीले योजनामा कहिल्यै पनि गएन। त्यतिबेलै मलाई लाग्थ्यो बहुवर्षे योजनाको नाममा भद्रगोल भयो। त्यसले आउने बजेट मात्रै होइन अर्को बजेट पनि सँगै लाने देखिन्छ। पालिका चलाएको अनुभवमा मैले भन्नुपर्दा त्यहाँ योजना अनुसार बहुवर्षे चलाएका थियौं।

त्यहाँ रिजल्ट पनि आएको छ। त्यहाँको आवश्यकताको आधारमा किसान, उद्योग, विद्यालयसँग जोडिएर काम गर्दा रिजल्ट दिएको छ,' सुवेदीले भने, 'तर, प्रदेशमा रिजल्ट दिने गरी योजना ल्याउन केले अड्किएको छ ? प्रदेशको भूगोल, बसोबासका हिसावले तराई, भित्री मधेश, पहाड, हिमाल जोडिने खालका हरेक क्षेत्रका विषयलाई सम्बोधन गर्न किन सक्दैनौं। हरेक विषयमा योजना बनाएर जाँदा निश्चित हुन्छ नि त। हामीले योजना दिएका दिएकै छौं सकिनेवाला कहिल्यै छैन। पैसा अब हामीलाई केन्द्रको सबै आउँदा पनि नपुग्ने गरेको अवस्थामा कुदिरहेका छौं। अब चाहिँ हामीले बजेट बनाउँदा, बजेटरी सिस्टमलाई पछ्याउँ। पाएपछि बाँडिहालौं भन्ने मोडलमा नजाऔं। त्यसले उपलब्धी दिँदैन।'

समितिको बैठकमा उद्योग संगठन मोरङका अध्यक्ष राकेश सुरानाले पनि काम नभएको भन्दै काम हुने गरी बजेट ल्याउन समितिका सांसदहरुलाई सुझाव दिए। ' भारतले तरकारी निकासी गर्ने देशमा दोस्रो स्थानमा नेपाललाई राखेको छ। भारतमा रेमिट्यान्स पठाउने देशमध्ये नेपाल आठौं स्थानमा पर्छ। यसलाई कसरी नियन्त्रण गर्ने ?,' उनले भने, 'हाम्रो प्रदेशमा टमाटर निर्माणको पहल सुरु गरौं। मकै उत्पादन बढाऔं।

अहिले पनि ८० प्रतिशत मकै भारतबाट आउँछ। जुट उद्योगहरु छन्। ७२ प्रतिशत जुट बाहिरबाट आउँछ। यस विषयमा पहल गरौं।'उनले प्राथमिकताका आधारमा पूर्वाधार निर्माण गर्न पनि जोड दिए। पर्यटन व्यवसायी पुण्य भट्टराईले पनि प्रदेशले देखिने खालको काम गर्नुपर्नेमा जोड दिए। 'बजेट पर्यटनमा छुट्याएको छ। तर, त्यो बजेट पूर्वाधारमा गइरहेको छ। मन्दिर बनाउने काममा पर्यटनको बजेट नलगाऔं। पर्यटन प्रबर्द्धनमा बजेट लगाऔं,' भट्टराईले भने।

### पूर्ववडाध्यक्षसहित...

उनका अनुसार प्रतिवादीको बयान सुरूभएपछि इजालश तोकेर थुनछेक हुनेछ।

२९ चैतमा विराटनगर-१४ का पूर्व वडाध्यक्ष बलदेवको योजनामा उक्त समूहले विराटनगर-१४ का ४० वर्षीय सन्तलाल यादव र सोही ठाउँका ३० वर्षीय प्रकाश यादवमाथि तरवार प्रहार गरेको पीडितको आरोप छ। तरबार प्रहारबाट सन्तलाल गम्भीर घाइते छन्। उनको अहिले पनि विराट टिचिङ हस्पिटलमा उपचार हुँदै आएको छ।

पीडित परिवारले घटनामा संलग्न सबैलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याउन माग गरेपछि मात्रै प्रहरीले जाहेरी दर्ता गरेको थियो।

आक्रमणको योजना बनाएको आरोप लागेका पूर्व वडाध्यक्ष बलदेव यसअघि पनि कर्तव्य ज्यान मुद्दामा मुछिएका थिए। विराटनगर-१४ का ५५ वर्षीय समानन्द यादवको हत्या आरोपमा उनीसहित मोरङ प्रहरीले १० जनालाई 'कर्तव्य ज्यान मुद्दा' का प्रतिवादी बनाएको थियो। २०७७ मङ्सिर ११ गते मोरङ अदालतका तत्कालीन न्यायाधीश तेजबहादुर खड्काको इजलासले यादवलाई तीन लाख रुपैयाँ धरौटीमा छोड्न आदेश दिएका थिए।

कर्तव्य ज्यान मुद्दाका प्रतिवादी रहेका यादव हत्या आरोप लागेपछि वर्षौंसम्म फरार रहे। प्रहरीको तीव्र खोजीमा रहेका यादव लामो समयदेखि भारतमा बसोबास गरेको कारणले पक्राउ परेका थिएनन्। मोरङ अदालतमा सुटुक्क उपस्थित भएकै दिन थुनछेक आदेश भयो। त्यसपछि उनी धरौटीमा छुटेका थिए।

विवाहको विषयमा विवाद हुँदा २०७६ साल जेठ ३ गते विराटनगर महानगरपालिका-१४ का वडा अध्यक्ष यादवको घरमा बसेका पञ्चायतीले विराटनगर-१४ का ५५ वर्षीय समानन्द यादवमाथि निर्घात कुटपिट गरेको थियो। कुटपिटबाट घाइते यादवको एक महिनापछि २०७६ साल असार २६ गते मृत्यु भएको थियो। यादवका परिवारले घटनामा संलग्न भएको आरोपमा तीनजना वडा अध्यक्षसहित १० जनाविरुद्ध किटानी जाहेरी दिएका थिए।

यस्तो छ कानुनी व्यवस्था

डाँका र ज्यान मार्ने उद्योगमा मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (१) ले निषेधित उपदफा २(ग) वमोजिमको कार्य कसूर गरेकोले निज प्रतिवादीहरुलाई ऐ.संहिताको दफा २४४ को उपदफा ३(ख) बमोजिम पाँच वर्षदेखि १० वर्षसम्म कैद र ५० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था छ।

# 'विराटनगर डेड लिफ्ट किंग एण्ड क्विन' सम्पन्न

◆ हाम्रोमत संवाददाता

*विराटनगर, २ जेठ*

विराटनरमा पहिलो पटक आयोजना भएको खुल्ला 'विराटनगर डेड लिफ्ट किङ्ग एण्ड क्वुइन' प्रतियोगिता सम्पन्न भएको छ।

महेन्द्रचौकस्थित पुरानो नेपाल बजारको बिल्डिङमा सञ्चालित द जीम र विराटनगर-३ को फ्रिस्टायल फिटनेस एण्ड जीमको संयुक्त आयोजना तथा एनवाईएफसीको प्राविधिक सहयोगमा 'विराटनगर डेड लिफ्ट किङ्ग एण्ड क्वुइन' प्रतियोगिता सम्पन्न भएको हो।

जीम एण्ड फिटनेसले शारिरीक बनौट निर्माण गर्ने मात्रै नभई मानसिक स्वास्थ्य, शारिरीक स्वास्थ्यसँगै सामाजिक र अनुशासित व्यक्तित्व निर्माणमा यसको योगदान छ भन्ने लक्ष्यका साथ प्रतियोगिता आयोजना गरिएको आयोजकले जनाएको छ। उक्त प्रतियोगितामा पुरुषतर्फ प्रथम संजोग श्रेष्ठ(पावर जिम), द्वितीय रौनक सेन खवास(पावर जिम) र तृतीय अमर मुखिया( शिवशक्ति जिम) भएका छन्। त्यसैगरी महिलातर्फ प्रथम बेन्जु कुथुमी राई(द जिम), द्वितीय सुस्मिता लेप्चा(उर्वान स्पोर्ट), तृतीय भावना घिमिरे राई(न्यू सेफ जिम एण्ड फिटनेस वर्ल्ड) भएका छन्।

प्रतियोगितामा प्रथम द्वितीय र तृतीय हुने खेलाडीहरुले नगद १२ हजार ५००, १० हजार ५ हजार रुपैयाँ मेडल ट्रफी,समुहगत विभिन्न उपाधि र आकर्षक उपहारहरुबाट पुरस्कृत गरिएको आयोजकले जनाएको छ। कार्यक्रमको उद्घाटन विराटनगर महानगरपालिकाका मेयर नागेश कोइरालाले गरेका थिए भने समापन कोशी प्रदेश खेलकुद विकास बोर्डकी उपाध्यक्ष विन्दिया कार्कीले गरेकी थिईन।

# युनियनले एक करोडको अक्षयकोष स्थापना गर्ने

◆ हाम्रोमत संवाददाता

*विराटनगर, २ जेठ*

नेपाल प्रेस युनियन कोशी प्रदेश समितिले एक करोड रुपैयाँको अक्षयकोष स्थापना गर्ने निर्णय गरेको छ।

कोशी प्रदेशको पर्यटकीयस्थल धनकुटाको भेडेटारमा बुधबार प्रदेश अध्यक्ष मीनकुमार नवोदितको अध्यक्षतामा बसेको सचिवालय बैठकले युनियनमा आबद्ध पत्रकारहरुको हितका लागि अक्षयकोष स्थापना गर्ने निर्णय गरेको हो।

युनियनको ३३ औं स्थापना दिवसको अवसर पारेर यही जेठ १० गते विराटनगरमा हुने विशेष समारोहमा अक्षयकोषको औपचारिक घोषणा गरिने अध्यक्ष नवोदितले बताए। उनका अनुसार अक्षयकोषमा समितिका पदाधिकारी र सदस्यले निश्चित रकम जम्मा गरेर शुभारम्भ गरिनेछ। त्यसपछि 'एक सय अभियान' पनि सञ्चालन गरिने नवोदितले बताए।

यससँगै देश तथा विदेशमा रहने युनियनमा आबद्ध पत्रकार, समाजसेवी, उद्योगी, व्यवसायी सबैलाई स्वेच्छिक रकम जम्मा गर्नका लागि आह्वान गरिने युनियनले जनाएको छ।

सचिवालय बैठकले आसन्न पत्रकार महासंघको निर्वाचनलाई लक्षित गरी कार्यदलसमेत गठन गरेको छ। कार्यदलमा अध्यक्ष नवोदित, उपाध्यक्ष ज्ञानेन्द्र निरौला, महासचिव संजीव वाग्ले र सचिव विनय बाह्राकोटी रहेका छन्। कार्यदलले जिल्ला तहमा रहेको विवाद समाधानका लागि समन्वय र सहजीकरण गर्नुका साथै जिल्ला शाखालाई सक्रिय र प्रभावकारी बनाउने भूमिका खेल्ने महासचिव वाग्लेले जानकारी दिए। सोही बैठकले स्थापना दिवस भव्य रुपमा मनाउने निर्णय गरेको छ।

कोशी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयसँगको सहकार्यमा यही जेठ १० गते बिहीबार बिहान 'सक्रिय पत्रकारिताका लागि स्वस्थ शरीर, स्वस्थ शरीरका लागि नियमित आहारबिहार' भन्ने नाराका साथ सञ्चारकर्मीहरुबीच खुल्ला दौड प्रतियोगिता, अग्रज पत्रकार सम्मान, 'प्रदेशको स्थायित्व र विकासका लागि सञ्चार क्षेत्रको भूमिका' विषयक विचारगोष्ठी गरिने महासचिव वाग्लेले बताए।

# लागुऔषध र गाँजासहित ४ जना पक्राउ

विराटनगर, २ जेठ (हाम्रोमत)- सुनसरी र मोरङको छुट्टाछुट्टै स्थानबाट गाँजा सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। सुनसरीको देवानगञ्जबाट साहेबगञ्ज तर्फ लागुऔषध गाँजा लिएर जाँदै गरेको मिनी ट्रकलाई प्रहरीले रोकी चेकजाँच गर्दा त्यसमा ४४० किलोग्राम गाँजा लोड गरिएको फेला परेको थियो। त्यसैगरी त्रकमा सवार चालक, सहचालक र अर्का एक जना समेतलाई प्रहरीले नियन्त्रणमा लिएको छ। उनीहरूको साथबाट नगद रुपैयाँ र मोबाइल फोनसमेत बरामद गरिएको छ।

अर्कोतर्फ मोरङको विराटनगरमा केरा बोकेको पिकअप भेनबाट गाँजा अनलोड गर्दैगरेको अवस्थामा चेक जाँचगर्दा २५० किलोग्राम गाँजा भेटिएको थियो। पिकअप चालकलाई समेत प्रहरीले पक्राउ गरेको छ।

यसरी जम्मा ६९० किलोग्राम लागुऔषध गाँजा र ४ जना सम्बन्धित व्यक्तिहरूलाई प्रहरीले नियन्त्रणमा लिएको हो। लागुऔषधको कारोबार विरुद्धको यस अभियानमा प्रहरीले सफलता हात पारेको बताइएको छ। अहिले पक्राउ परेकाहरूबाट थप बयान लिई अनुसन्धान भइरहेको प्रहरी स्रोतले जनाएको छ।

**भानु माध्यमिक विद्यालय**
**डाँडाबजार, धनकुटा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८१।०२।०३

यस विद्यालयद्वारा मिति २०८१/०१/०२ गते राष्ट्रिय पत्रिकामा प्रकाशित सूचना बमोजिम श्री भानु मा.वि.डाँडाबजारको भवन निर्माणका लागि पेश हुन आएका बोलपत्रहरूमध्ये न्यूनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र (३) को प्रयोजनार्थ उक्त बोलपत्रसंग सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

| सि.नं | ठेक्का नम्बर | कामको विवरण तथा निर्माण स्थल | छनौट भएको फर्मको नाम | कबोल अंक | कैफियत |
|---|---|---|---|---|---|
| १ | BSS/WORKS/NCB /02/2080/081 | Construction of Shree Bhanu Secondary School Building Works. | श्री kishor Nirman Sewa, Pokharichauri-2, Kavre | रू. ३०,५०,७४९.९१ (मु.अ.कर सहित) | |

प्रधानाध्यापक

**ग्रामथान गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
तेतरिया, मोरङ
कोशी प्रदेश, नेपाल

**दरभाउ पत्र पेश गर्ने सम्वन्धी सूचना**

सूचना प्रकाशित मिति: २०८१।०२।०३

प्रस्तुत विषयमा यस ग्रामथान गाउँपालिकामा रहेको दुई तल्ले ईट्टावाट निर्मित लोड बियरिङ भवन भत्काई, सो कार्यबाट प्राप्त हुने सम्पूर्ण सामाग्री उक्त साईटबाट हटाई स्वयम भत्काउने संस्थाले प्रयोग गर्न लैजाने गरि ईच्छुक संस्था फर्महरुबाट यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनभित्र तपसिल बमोजिमका कागजातहरु सहित दरभाउ पत्र प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशिन गरिएको छ।

१. संस्था/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी
२. गाउँपालिकामा संम्था/फर्म सुचिकृत भएको प्रमाणपत्रको प्रतिलिपी
३. स्थाई लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपी
४. आ.व. २०७९/०८० को करचुक्ता भएको प्रमाणपत्रको प्रतिलिपी
५. राजश्च रकम रु १०००/- (एक हजार मात्र) तिरेको रसिद
६. न्युनतम कबोल रकम भ्याट सहित रु १०,००,०००(दस लाख मात्र)

*नोटः माथि उल्लेखित कागजात सहित यस गाउँपालिकामा सुचिकृत भएका संस्था/फर्महरुलाई TOR र BoQ उपलब्ध गराईनेछ।*

प्रमुख प्रशासकीय अधिकृत

तेस्रो मिल्स क्रिकेट प्रतियोगिता

# जोगवनी र सुनसरी अन्तिम आठमा

◆ हाम्रोमत संवाददाता

*विराटनगर, २ जेठ*

तेस्रो संस्करणको मिल्स कप टि-२० क्रिकेट प्रतियोगितामा जोगवनीको प्रशान्त क्रिकेट क्लब र सुनसरी क्रिकेट क्लब अन्तिम आठमा पुगेको छ।

विराटनगर जुटमिलको खेलमैदानमा भएको पहिलो खेलमा जोगवनीले घरेलु टिम बिसीसीए विराटनगरललाई ६२ रनले र दोस्रो खेलमा सुनसरी क्रिकेट क्लबले आयोजक मिल्स क्रिकेट क्लबलाई ११ रनले हराउँदै दुई टिम अन्तिम आठमा पुगेको हो।

टस जितेर ब्याटिङ रोजेको जोगवनीले निर्धारित २० ओभरमा ८ विकेट गुमाई २५१ रन बनाएको हो। जोगवनीका असिक कुमारले अर्धसतक पूरा गरे। उनले १९ बलमा ५ छक्का र ३ चौका हिर्काउँदै ५० रन बनाए। सर्वाधिक रन बनाउने खेलाडी असिक खेलको प्लेर अफ द म्याच घोषित भए। यशदर्शन कुमारले १८ बलमा ४६ रन पारी खेल्दा राजा बावुले ३७ बलमा ४४ रनको योगदान दिए। उत्तम कुमारले अविजित २३ रन बनाउँदा कोनाइव कुमारले २० रन बनाए।

विराटनगरका कार्तिक कुमारले ४ ओभरमा ४८ रन खर्चेर ३ विकेट लिए। आयुष कुमारले २ विकेट र अशुतोष सिंहले १ विकेट लिए।

जोगवनीले दिएको २५२ रनको विशाल छक्ष्य पछ्याएको विराटनगरले सबै विकेट गुमाइ १८९ रन मात्रै बनाउन सक्यो। विराटनगरका अशुतोष सिंहले २४ बलमा ३९ रन बनाए। धिरज कामतले २१ बलमा २९ रन बनाउँदा हर्ष यादवले २१ रनको योगदान दिए। जोगवनीका अबिशेष राजा, नवित, जयन्त कुमारले समान २-२ विकेट लिए।

दोस्रो खेलमा सुनसरीको जित

सुनसरी क्रिकेट क्लबका खेलाडी रविन मण्डलले जितको लागि आक्रमक ब्याटिङ गर्दै अर्धसतक पूरा गरेका छन्। उनले ४७ बलमा ८८ रन बनाउँदै निर्धारित २० ओभरमा ९ विकेट गुमाई १६६ रन बनाएको हो। सुनसरीका सविन यादवले १८ बलमा २९ रन पारी खेल्दा समिरले १२ रनको योगदान दिए।

मिल्स क्रिकेटको तर्फबाट गुल्सन कुमार राजले ४ ओभरमा १५ रन खर्चेर ४ विकेट लिए। पुस्कर झाले ४ ओभरमा २० रन खर्चेर ३ विकेट र रितेस सिंहले १ विकेट लिए।

१६७ रनको विजय लक्ष्य पछ्याएको आयोजक मिल्स क्रिकेटले १८.२ ओभरमा १० विकेट गुमाइ १५५ रन मात्रै बनायो। जसमा कुमारले ३१ बलमा अर्धसतक कटाउँदै ७१ रन बनाए। झोला साहले २५ बलमा ३० रन ल्याउँदा बुद्रा कुमारले २४ रन बनाए।

सुनसरीका बलर प्रकाश कार्कीले कसिलो बलिङ गर्दै ४ ओभरमा १२ रन खर्चेर ४ विकेट लिए। भुपाल लुईटेलले २ विकेट लिए। बिपोस्टिङ बलिङ गर्ने सुनसरीका प्रकाश खेलको प्लेर अफ द म्याच घोषित भए। उनले नगद तीन हजार पाए।

बिहीबारको पहिलो क्वाटर फाइनल खेल जोगवनीको प्रशान्त क्रिकेट क्लब र विराटनगरको एनबीएससी क्रिकेट क्लब बिच हुने तालिका छ।

सर्ट कमेन्ट

# वायुप्रदुषणको दुष्प्रभावबाट कसरी बच्ने ?

■ डा. रवि महत

ग्रीष्म ऋतुको आगमनसँगै देशका विभिन्न क्षेत्रका वनजंगलमा आगलागी हुँदा वायु प्रदूषणको मात्रा उच्च भएको छ। पछिल्लो समय अस्पतालहरूमा श्वासप्रश्वासका बिरामीहरूको चाप बढेको अनुभव भएको छ। हामीले प्रत्येक पटक श्वास लिँदा आधा लिटरजति हावा फोक्सोभित्र तानिरहेका हुन्छौं एक मिनेटमा ७ देखि ८ लिटर र २४ घण्टामा ११०० लिटर जति हावा लिन्छौं। प्रदूषित हावामा धुलोको कणहरु तथा हानिकारक ग्याँसहरू मिसिएको हुन्छ। हामीले श्वास लिँदाखेरि हावासँगै त्यसमा मिसिएका कणहरू तथा हानिकारक ग्याँसहरु पनि फोक्सो भित्र प्रवेश गर्दछ जसले विभिन्न स्वास्थ्य समस्याहरु निम्त्याउन सक्छ। धुलोका अत्यन्त साना कणहरू तथा हानिकारक ग्याँसहरू फोक्सोमा मात्र नभई फोक्सोको माध्यमबाट रक्त सञ्चार प्रणालीमा प्रवेश गरी शरीरका अन्य भागहरुमा समेत क्षति पुर्याउन सक्दछ। वायु प्रदूषणले निम्त्याउने स्वास्थ्य समस्या तत्कालीन र दीर्घकालीन हुन्छन्।

तत्कालीन असरमा आँखा पोल्ने, नाक चिलाउने, रुघा लाग्ने , घाँटी खसखस गर्ने, खोकी लाग्ने खकार आउने, सास फेर्न गाह्रो हुने, छाला चिलाउने आदि हुन्। प्रदूषणले अप्रत्यक्ष रूपमा श्वासको संक्रमणको जोखिम पनि बढाउँदछ र निमोनिया जस्ता घातक रोगहरू लाग्न सक्छ। कसैलाई पहिलादेखि नै श्वासप्रश्वास सम्बन्धित रोग भएमा त्यसलाई पनि गम्भीर नकारात्मक असर पार्दछ।

दीर्घकालीन असरमा प्रदूषित स्थानमा लामो समयसम्म बस्दाखेरि त्यसले हाम्रो श्वासप्रश्वास प्रणाली र शरीरमा गम्भीर समस्याहरूको सृजना गर्न सक्छ। प्रदूषणबाट हुने दीर्घकालीन समस्या मध्ये प्रमुख रोग दम नै हो, यसको साथसाथै फोक्सोको क्यान्सर, उच्चरक्तचाप, हृदयघात, मस्तिष्कघात, मुटुको चाल अनियमित हुने जस्ता समस्याहरू पनि देखिन सक्छ।

वायु प्रदूषण बालबालिका र गर्भवती महिलाहरुका लागि पनि त्यत्तिकै खतरनाक छ। त्यसकारण वायु प्रदुषणबाट बच्नका लागि विशेष रुपले गर्भवती महिला र बालबालिकाले ध्यान दिनुपर्दछ। शिशु महिना नपुगी जन्मने, जन्मिँदा तौल कम हुने, मस्तिष्क विकासमा कमी हुने, पछि गएर श्वासप्रश्वासको समस्या देखिन सक्दछ। यसबाट कसरी जोगिने ? व्यक्तिगत, सामाजिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा वायु प्रदूषण न्यूनीकरणको लागि गम्भीर रुपमा लाग्न आवश्यक छ। यसले कुनै व्यक्ति, वर्ग वा समुदाय छुट्याउँदैन। सहरी क्षेत्रको कुरा गर्दा प्रदुषण बढ्ने विशेष समय भनेको विहान र साँझ हो। यो समयमा सकेसम्म घर बाहिर ननिक्लने। सकेसम्म प्रदुषण कम हुने समयमा निस्कने। निस्कनै परेमा मास्कको प्रयोग गर्ने।

हामीले सामान्यतया लगाउने सर्जिकल मास्कले सुरक्षा दिन नसक्ने हुँदा एन नाइन्टी फाइभ मास्क लगाउनुपर्छ। यसले ९५ प्रतिशत सम्म कणहरूलाई छेक्न सक्दछ, यद्यपि हानिकारक

> **वायु प्रदूषण बालबालिका र गर्भवती महिलाहरुका लागि पनि त्यत्तिकै खतरनाक छ। त्यसकारण वायु प्रदुषणबाट बच्नका लागि विशेष रुपले गर्भवती महिला र बालबालिकाले ध्यान दिनुपर्दछ। शिशु महिना नपुगी जन्मने, जन्मिँदा तौल कम हुने, मस्तिष्क विकासमा कमी हुने, पछि गएर श्वासप्रश्वासको समस्या देखिन सक्दछ।**

ग्यास र अत्यन्त सुक्ष्मकणबाट भने यसले बचाउन सक्दैन। ग्रामीण क्षेत्रको हकमा प्रदूषणको मुख्य कारण भनेको घरभित्रबाट हुने प्रदूषण जस्तै दाउरा, गुइठा मट्टीतेलको चुलो आदिमा खाना पकाउने इन्धन हो र त्यसको न्यूनीकरण गर्न सुधारिएको चुलो प्रयोग गर्ने, भान्छामा धुवा जम्मा नहुने किसिमले वायुसंचारको व्यवस्था मिलाउने, स्वच्छ उर्जाको प्रयोगमा बढी जोड दिने आदि हो।

वनजंगल वन्यजन्तुको साझा घर हुनुको साथै स्वच्छ हावाको स्रोत पनि हो। यसको संरक्षणमा विशेष जोड दिनु आवश्यक छ र मानवीय रूपमा पनि वनजंगलमा आगो लगाउनु भनेको अक्षम्य अपराध हो। यस्तो अपराधीलाई कडाभन्दा कडाइ कारबाही गर्ने नियम कानुन को अवलम्बन गर्न आवश्यक छ।

# 'फुटसल'मा बढ्दो आकर्षण

## शुभाशीष कोइरालाले सञ्चालनमा ल्याएको 'जेएनएल' फुटसल प्रालि छोटो समयमै सफलतातर्फ अग्रसर

◆ नम्रता न्यौपाने

*विराटनगर, २ जेठ*

नेपाल पितृसत्तात्मक मुलुक हो। पितृसत्तात्मक मुलुकमा महिलाहरुले कमै अवसर पाउने गरेका छन्। तर कमै अवसरको बाबजुद महिलाले मौका पाए भने आफूलाई अब्बल सिद्ध गदै आएका छन्।

विराटनगरमा पछिल्लो समय युवा पुस्ता खेलकुदप्रति आर्कषित हुँदै गएका छन्। नौला खेलकुदप्रति पुरुष मात्र होइन महिलाहरु पनि आकर्षित हुँदै छन्। फुटबलकै परिमार्जित स्वरुप फुटसलमा विराटनगरका युवा महिलाहरुको सहभागिता उल्लेख्य छ। यसैलाइ मध्यनर गर्दै खेलकुदप्रति लगाव राख्ने विराटनगर महानगरपालिका-९ का २९ वर्षीय शुभाशीष कोइरालाले भिआइपी रोड विराटनगर-९ मा 'जम्बोरी नेक्सस लन्ज'नामक फुटलस सञ्चालनमा ल्याएका छन्।

भिआइपी रोडमा खुलेको उत्त फुटसल करिब डेढ करोड भन्दा माथिको लगानीमा शुभाशीषले सञ्चालनमा ल्याएका हुन्। आफ्नो एकल लगानीमा सञ्चालनमा ल्याएको 'फुटसलका कतिपय संरचना निर्माणाधीन अवस्थामै छन् तर, मैदान भने बनिसकेको छ,' औपचारिक शुभारम्भ गरिएको छैन तर पनि फुटसलभित्र थुप्रै खेल भने खेलाइसकिएको उनी बताउँछन्। फुटसल कोर्ट प्रयोग गर्ने खेलाडीले घण्टाको एक हजार रुपैयाँ तिर्नुपर्ने र महिनाभरि प्रयोग गर्नेले दैनिक ८०० रुपैयाँमात्र तिर्नुपर्ने उनी बताउँछन्।

खेलकुदप्रतिको विराटनगरको 'क्रेज' लाई

कायमै राख्ने लक्ष्यका साथ फुटसल सञ्चालन ल्याइएको शुभाशीष बताउँछन्। स्वदेशमै रहेर केही गर्ने सोच बनाएका शुभाशीषले आफ्नो फुटसलबाट पनि केहिले रोजगारी पाउने उनी बताउँछन्। फुटसल कोर्टबाहेक उनले फुटबल लाइब्रेरी, क्याफे र ई-स्पोर्ट्स गेमिङ जोन सञ्चालनमा ल्याउँदैछन्। उनले स्पेनको बार्सिलोना पुगेर फुटबलसम्बन्धी 'कोर्स' नै गरेका छन्। अहिले उनले फिफाअन्तर्गत नै रहेर डिग्री गरिरहेका छन्, जुन बेलायत, इटाली र स्विट्जरल्यान्ड गरी विश्वका तीन देशमा मात्र पढ्न पाइन्छ।

फिफाको मास्टर्सका लागि प्रत्येक वर्ष विश्वभरिबाट २३ जना विद्यार्थीले अवसर पाउँछन्, त्यसमध्येका शुभाशीष पनि एक हुन्। विराटनगरमा खेलकुदतिर धेरैको चासो रहदै आएको छ। दिनमा ४० देखि ५० जनासम्म फुटबल खेल्न आउनु हुन्छ, उनी भन्छन्, इन्ज्युरी हुनबाट जोगाउन उच्च प्रविधिको ग्रास

> **फुटसल कोर्टबाहेक उनले फुटबल लाइब्रेरी, क्याफे र ई-स्पोर्ट्स गेमिङ जोन सञ्चालनमा ल्याउँदैछन्। उनले स्पेनको बार्सिलोना पुगेर फुटबलसम्बन्धी 'कोर्स' नै गरेका छन्। अहिले उनले फिफाअन्तर्गत नै रहेर डिग्री गरिरहेका छन्, जुन बेलायत, इटाली र स्विट्जरल्यान्ड गरी विश्वका तीन देशमा मात्र पढ्न पाइन्छ।**

हालेको र सेफ्टी मापदण्ड पूरा गरेको बताउँछन्। 'जेएनएल' फुटसल खुलेको ५ महिना भहिसक्दा खेल प्रेमीको क्रेज निकैनै बढ्देको देख्न सकिन्छ।

यसअघि सार्वजनिक रूपमा फोहोर फाल्ने ठाउँमा शुभाशीषले काठमाडौंबाट चित्रकार बोलाएर फुटसलवरिपरि चित्र बनाएर आकर्षक फुटसल बनाएका हुन्। लियोनल मेस्सी, नेयमार, रोनाल्डोलगायत युरोपियन फुटबलका केही चर्चित खेलाडी अनि नेपालका लागि अन्तर्राष्ट्रिय खेल खेलिसकेका फुटबलरका चित्रले खेलाडीलाई ऊर्जा थप्नुका सथै खेलप्रेमीलाई आकर्षित तुल्याउँछ।

विराटनगरमा पनि खेलकुद क्षेत्र चलायमान बनाउने लक्ष्य राखेका शुभाशीषले सञ्चालनमा ल्याएको सुलभ, सुरक्षित र गुणस्तरीय रहेको 'जेएनएल' फुटसल प्रालिले छोटो समयमै सफलता प्राप्त गरदै आएको छ।

# करार शिक्षक हटाउन शिक्षा समन्वयको निर्णय

उदयपुर, २ जेठ (हाम्रोमत)- शिक्षा विकास तथा समन्वय इकाइको निर्णय विपरित उदयपुरमा एक विद्यालयले काम गर्दै आएको पाइएको छ। त्रियुगा नगरपालिका वडा नम्वर ५ दमौती स्थित जनता माध्यमिक विद्यालयले इकाइको निर्णय उल्लंघन गरी शिक्षक हटाउने निर्णय गरेको हो।

विद्यालयले मनोमानी ढंगले राहात शिक्षक नियुक्ति गरेको भन्दै स्थानीयहरुले विद्यालय र विद्यालय व्यवस्थापन समितिबिरुद्ध आन्दोलन गर्दै आएका छन्। उनीहरुले कार्यरत शिक्षक स्थायी भई रिक्त रहेको कोटामा पुनः विज्ञापन नगरी वैकल्पिक शिक्षकलाई नियुक्ति गरेको विषयलाई लिएर सम्वन्धित निकायहरुमा उजुरीसमेत गर्दै आएका छन्।

सोही क्रममा शिक्षा विकास तथा समन्वय इकाइ उदयपुरमा पनि उजुरी परेको थियो। उजुरीपछि शिक्षा विकास तथा समन्वय इकाइले 'करार शिक्षक नियुक्ति गर्दा वैकल्पिक व्यक्तिलाई नियुक्ति गर्ने कार्य अनियमित भएकोले पुनः विज्ञापन गरी पदपूर्ति व्यवस्था गर्न गराउनु' भन्ने विद्यालयलाई पत्र समेत लेखिसकेको छ।

गत २१ गते लेखेको पत्रमा 'सफल भएको उम्मेदवारले विद्यालयबाट नियमानुसार नियुक्ति लिइसकेपछि वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिने कार्य अनियमित नै भएको ठहरिने' समेत उल्लेख गरिएको छ। तर, इकाइले लेखेको पत्र लामो समय वितिसक्दापनि विद्यालय व्यवस्थापन समितिले विभिन्न बहाना बनाएर आलटाल गर्दै आएको स्थानीय दुर्गा राईले बताए।

स्थानीय राईका अनुसार वडा सदस्यसमेत रहेका विव्यस अध्यक्ष कुबेर ग्रान्जामगर र प्रधानध्यापक रमाकान्त चौधरीले सो कोटामा सबिता थापालाई नियुक्ति गरेको छ। यसरी गरिएको नियुक्ति कानून विपरीत रहेको स्थानीय बुद्धिजीविहरु बताउँछन्। उक्त ठाउँमा कानुन बमोजिम नयाँ विज्ञापन मार्फत प्रतिस्पर्धा गराएर नयाँ शिक्षक नियुक्त गर्नुपर्ने उनीहरुले बताएका छन्।

सहर सफा र स्वच्छ राखौं ।
विराटनगर महानगरपालिका

ओजस्वी स्टाम्प & Design Home
9814342851, 9810458073 (OPT.)
Email : buddhis12@gmail.com, Whatsup NO. : 9814342851
• डिजिटल छाप • नाइलन छाप
छाप बनाउने ठाउँ
कर कार्यालय गेटको ठ्याक्कै पूर्वपट्टि (हाम्रोमत जाने बाटो)

सम्पर्क : ००९७७-९८४२०४१७५४
Modern Homeo Clinic
मोर्डन होमियो क्लिनिक
केशलिया रोड, नहर चोकदेखि उत्तर, अमान नगर, भट्टा
डा.मो शरीफ आलम
Dr. Md. Sareef Alam
B.H.M.S. (India), M.P.H. (USA)
Affiliated center, Bangladesh
Regd. No.: A-17
सबै प्रकारका बिरामीहरुले होमियो क्लिनिकमा सम्पर्क गर्नुहोस् ।
बिहान ९:०० बजेदेखि २:०० बजेसम्म, बेलुका ४:०० बजेदेखि ७:०० बजेसम्म
शनिबार २ बजेसम्म मात्र खुल्ला रहनेछ ।
ईमेल : drsalam6@gmail.com, Whatsapp No.: 00977-9842041754

खुल्ला शिक्षा बाट 100% पास नि:शुल्क भर्ना
प्राईभेट SEE/+2
कोरीयन जापानिज अंग्रेजी Basic & Advance
Computer Training
एउटा छुट्टै मान्यता प्राप्त एकेडेमी
युनिभर्सल एकेडेमी एण्ड कम्प्युटर सेन्टर
बिराटनगर-४, चाँदनी चौक, मोरङ, नेपाल ☎9810548301

पूर्वेली जनसञ्चार सहकारी संस्था लि.द्वारा प्रकाशित । अध्यक्ष: विनोद घिमिरे, प्रधान सम्पादक: विवेक गौतम, कार्यकारी सम्पादक : गोकुल पराजुली, सम्पादक: अर्जुनकुमार आचार्य, व्यवस्थापक : प्रेम पुरी
हाम्रोमत दैनिकको कार्यालय: विराटनगर-९, ट्राफिक चोक, मोरङ, फोन नं. ०२१-५१२७९०, email: hamromat@gmail.com मुद्रक: हंसवाहिनी प्रिन्टर्स एण्ड पब्लिकेसन्स प्रा.लि., विराटनगर-४